नेपाल बीमा प्राधिकरणको द्वैमासिक बुलेटिन

# बीमा समाचार

वर्ष ३ अङ्क ३ २०८० पुस
(November-December, 2023)

## NFRS-17 Insurance Contracts सम्बन्धी अन्तर्क्रिया

## NFRS-17 लागू गर्न प्राधिकरण र बीमकहरुको क्षमता अभिवृद्धि गर्नुपर्छ : अध्यक्ष सिलवाल



नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै ।

नेपाल बीमा प्राधिकरण र लेखामान बोर्ड, नेपालको संयुक्त आयोजनामा यही पुस २४ गते काठमाडौंमा 'नेपाल वित्तीय प्रतिवेदन मान – १७ (NFRS-17) इन्स्योरेन्स कन्ट्रयाक्ट्स' विषयक छलफल एवम् अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदन मान (IFRS) बमोजिम नेपालको बीमा क्षेत्रमा एनएफआरएस – १७ लागू गर्नका लागि गर्नुपर्ने तयारी, आउनसक्ने चुनौती र सम्बोधन गर्नुपर्ने विषय लगायतका बारेमा सम्बद्ध नियामक निकायहरु र बीमकहरूबीच छलफल गरी निष्कर्ष निकाल्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले बीमा क्षेत्रमा एनएफआरएस – १७ लागू गर्नका लागि वातावरण बनाउन र क्षमता अभिवृद्धि गर्नका लागि प्राधिकरण, लेखामान बोर्ड, नेपाल र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले आ–आफ्नो जिम्मेवारी बर्गीकरण गरी कार्य गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

अध्यक्ष सिलवालले भन्नुभयो, "सम्बद्ध नियामक निकायहरु आ–

**संरक्षक**
श्री सूर्यप्रसाद सिलवाल, अध्यक्ष

**सल्लाहकारहरू**
श्री राजुरमण पौडेल, कार्यकारी निर्देशक
श्री कमल प्रसाद रेग्मी, निर्देशक
श्री सुशीलदेव सुवेदी, निर्देशक
श्री पूजन ढुङ्गेल (अधिकारी), निर्देशक

**सम्पादक समूह**
**संयोजक**
श्री दिनेश कुमार लाल, निर्देशक
**सदस्यहरू**
श्री पुनम ज्ञवाली (श्रेष्ठ), उपनिर्देशक
श्री प्रीति देव, उपनिर्देशक
श्री केदारनाथ भट्ट, सहायक निर्देशक
श्री गोविन्द चिमौरिया, प्रेस सल्लाहकार

**प्रकाशक**
**नेपाल बीमा प्राधिकरण**
कुपण्डोल, ललितपुर ।
फोन: ०१–५४२१०७९, ५४३८७४३, ५४२८६०४
Email:info@nia.gov.np, Web: www.nia.gov.np

आफ्नो जिम्मेवारी एकीन गरी अगाडि बढेमा यस वर्ष नसकिए पनि अर्को वर्ष पूर्णरूपमा एनएफआरएस – १७ लागू गर्न सकिन्छ, त्यसका लागि वातावरण बनाउनुपर्छ, प्राधिकरण र बीमा कम्पनीहरूको क्षमता अभिवृद्धि गर्नुपर्छ ।"

एनएफआरएस – १७ लागू हुँदा नेपालको बीमा क्षेत्रप्रतिको अन्तर्राष्ट्रिय विश्वास अझ बढ्ने र पुनर्बीमा गर्न तथा दाबी भुक्तानी पाउन सहज हुने उल्लेख गर्नुहुँदै अध्यक्ष सिलवालले भन्नुभयो, "प्राधिकरणले आरबीसी र ओर्सा कार्यान्वयन गर्न लागेको छ, त्यसबाट एनएफआरएस – १७ लागू गर्न सहयोग पुग्नेछ, बीमा कम्पनीहरूमा एनएफआरएस – १७ लागू गर्ने प्रतिवद्धता देखिएको छ, एनएफआरएस – १७ लागू हुँदाको अवस्थामा कर लगायत अन्य नीति कस्तो हुने हो भन्ने सम्बन्धमा सम्बद्ध सरकारी निकायहरूको साझा बुझाई हुनुपर्छ ।"

लेखामान बोर्ड, नेपालका अध्यक्ष प्रकाश जंग थापाले आगामी साउन १ गतेदेखि नै एनएफआरएस – १७ लागू गर्नुपर्ने बाध्यात्मक अवस्था रहेको जानकारी दिनुहुँदै अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदन मानको मूल प्रावधानमा असर नपर्ने गरी एनएफआरएस – १७ लागू गर्दा आइपर्ने समस्या समाधान गर्न बोर्ड तयार रहेको बताउनुभयो ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका अध्यक्ष सुजन प्रसाद काफ्लेले एनएफआरएस – १७ लागू गर्नका लागि बीमा कम्पनीहरूलाई यसको महत्वका बारेमा बुझाउनुपर्ने, पूर्वाधारमा लगानी गर्नुपर्ने र साझा सफ्टवेयर बनाउनुपर्ने आवश्यकता औंल्याउनुभयो । साथै, उहाँले एनएफआरएस – १७ लागू गर्ने सम्बन्धमा आईसीएएनले तदारूकताका साथ बीमा कम्पनीहरूलाई सहयोग गर्ने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो ।

नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले स्वागत मन्तव्य व्यक्त गर्नुहुँदै एनएफआरएस – १७ लागू गर्नका लागि सम्बन्धित नियामक निकायहरूको सहभागितामा उच्चस्तरीय समिति गठन भएको र समिति अन्तर्गतको सबै बीमा कम्पनीका प्रतिनिधिहरु सम्मिलित प्राविधिक कार्यसमितिले एनएफआरएस – १७ लागू गर्ने सम्बन्धमा प्रारम्भिक प्रतिवेदन बुझाएको जानकारी दिनुभयो ।

कार्यक्रममा नेपाल बीमक सङ्घका अध्यक्ष चंकी क्षेत्री र नेपाल जीवन बीमक सङ्घका अध्यक्ष पोषक राज पौडेलले बीमा क्षेत्रमा एनएफआरएस – १७ लागू गर्न लगानीका दृष्टिले ठूलो चुनौती रहे पनि पूर्वाधार, सूचना प्रविधि र जनशक्ति लगायतका विषयमा मार्गचित्र बनाएर अगाडि बढ्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका तर्फबाट चार्टर्ड एकाउन्टेन्ट विरोध वाग्ले र लेखामान बोर्ड, नेपालका तर्फबाट चार्टर्ड एकाउन्टेन्ट मनिष उप्रेतीले एनएफआरएस – १७ सम्बन्धी छुट्टा छुट्टै प्रस्तुती गर्नुभएको थियो ।

नेपाल बीमा प्राधिकरणका निर्देशक दिनेश कुमार लालले संचालन गर्नुभएको कार्यक्रममा लेखामान बोर्ड, नेपाल र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका पदाधिकारी, नेपाल बीमा प्राधिकरणका निर्देशक, बीमा कम्पनी र पुनर्बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरु लगायतको सहभागिता रहेको थियो ।

एनएफआरएस – १७ लागू भएपछि नेपालको बीमा क्षेत्रप्रतिको अन्तर्राष्ट्रिय विश्वास अझ बढ्ने, अन्तर्राष्ट्रिय वित्तीय विवरणमा एकरूपता कायम हुने, देशमा बैदेशिक लगानी बृद्धि हुने र वैदेशिक व्यापारमा सहजीकरण हुने अपेक्षा गरिएको छ ।

## भौतिक पूर्वाधारको बीमा गर्ने व्यवस्था गर्छौं : प्रधानमन्त्री

सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले भूकम्प प्रतिरोधी संरचना निर्माण र भौतिक संरचनाहरूको बीमा गर्ने व्यवस्था गर्ने बताउनुभएको छ ।

काठमाडौंमा यही २०८० साल माघ २ गते आयोजित २६ औं भूकम्प सुरक्षा दिवस मूल समारोहलाई सम्बोधन गर्नुहुँदै प्रधानमन्त्री प्रचण्डले भौतिक संरचनाको बीमा गर्ने व्यवस्थामा जान आवश्यक रहेकाले मन्त्रिपरिषद्ले त्यसबारे अध्ययन गर्ने निर्णय गरेको जानकारी दिनुभयो ।

प्रधानमन्त्री प्रचण्डले भन्नुभयो, "अब हामीले विस्तारै देशैभरीका निजी आवास र सरकारी संरचनाको बीमाको व्यवस्था गर्नुपर्छ भन्ने सुझावलाई मनन् गरेर व्यक्तिगत आवास लगायत सबै भवन तथा संरचनाको बीमा गराउने सम्बन्धमा अध्ययन गर्ने निर्णय मन्त्रिपरिषद्ले गरिसकेको जानकारी गराउँछु ।"

# सरकारले बीमालाई गरीबी न्यूनीकरणको प्रमुख रणनीतिसँग जोड्नुपर्छ : अध्यक्ष सिलवाल

नेपाल बीमा प्राधिकरणको आयोजनामा यही २०८० साल पुस २ गते कोशी प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सभाहल, विराटनगरमा कोशी प्रदेश सरकारसँग बीमा सम्बन्धी अन्तर्क्रिया एवम् छलफल कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख अतिथि कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले बीमा क्षेत्रको विकास तथा बीमाको दायरा विस्तारका लागि कानूनी र नीतिगत व्यवस्थाका साथ अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

मुख्यमन्त्री कार्कीले भन्नुभयो, "बीमा कम्पनीहरूले लोभलालच देखाएर वा प्रभावित पारेर बीमा गर्नु भएन, बीमा दाबी भुक्तानी पाउन धाउँदा धाउँदा बीमा रकमभन्दा बढी खर्च हुने अवस्थाको अन्त्य गर्नुपर्‍यो, स्वतःस्फूर्तरूपले बीमा गर्न पाउने अवस्था सिर्जना गर्नुपर्‍यो ।"

मुख्यमन्त्री कार्कीले किसानले बीमा दाबी नपाउने तर ठूला बीमितले भने सजिलै पाउने अवस्थाले बीमाप्रतिको विश्वास नबढ्ने उल्लेख गर्नुहुँदै विदेशको नक्कल नगरी देशको भौगोलिक अवस्था तथा नागरिकको आवश्यकता आधारमा बीमालेख ल्याउन र बीमालेखमा 'वा, तर' जस्ता शब्द प्रयोग नगरी यथार्थ वाक्याङ्श राखी सबैले बुझ्ने सरल भाषामा बीमालेख ल्याउन सुझाव दिनुभयो ।

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले गरीबी न्यूनीकरणमा बीमाबाट समेत योगदान पुग्ने भएकाले सरकारले




नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीलाई सम्झनाको चिनो प्रदान गर्नुहुँदै ।

बीमालाई गरीबी न्यूनीकरणको प्रमुख रणनीतिसँग जोड्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

अध्यक्ष सिलवालले भन्नुभयो, "बीमा अन्तर्राष्ट्रिय सिद्धान्तका आधारमा चल्छ, बीमा गरेपछि दाबी भुक्तानी पाइन्छ, बाहिर आए जस्तो दाबी भुक्तानीमा समस्या छैन, बीमा कम्पनीहरूबाट ७० प्रतिशतभन्दा बढीको दाबी भुक्तानी भइसकेको तथ्याङ्क छ ।"

देशको भौगोलिक आवश्यकताका आधारमा बीमालेख ल्याउन प्राधिकरणले सहयोग गर्ने उल्लेख गर्नुहुँदै अध्यक्ष सिलवालले भन्नुभयो, "सरकारले सबै दायित्व लिन सक्दैन, बीमा मार्फत थोरै रकममा दायित्व हस्तान्तरण गर्न सकिन्छ, प्रदेश सरकारको पनि यसतर्फ ध्यान जानुपर्‍यो, प्रदेश बीमा नीति ल्याउनुपर्‍यो, बीमा नीति तर्जूमामा सहयोग गर्न प्राधिकरण तयार छ ।"

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशक दिनेश कुमार लालले बीमाको महत्व, बीमा बजारको विद्यमान अवस्था, बीमाको विकास एवम् दायर विस्तारमा प्रदेश सरकारको भूमिका लगायतका विषयमा प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रममा कोशी प्रदेशका मन्त्री, प्रमुख सचिव र प्रदेश मन्त्रालयका सचिवहरु, नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक, प्रदेशस्थित विभिन्न सरकारी निकायका पदाधिकारीहरु, हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेडका प्रमुख कार्यकारी अधिकृत, सानिमा जीआईसी इन्स्योरेन्स लिमिटेडका प्रमुख कार्यकारी अधिकृत, नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयका प्रमुख लगायतको सहभागिता रहेको थियो ।

## लक्षित समूह पहिचान गरी बीमामा अनुदानको व्यवस्था गर्न अध्यक्ष सिलवालको सुझाव

नेपाल बीमा प्राधिकरणको आयोजनामा यही २०८० साल मङ्सीर ११ गते कर्णाली प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, वीरेन्द्रनगर, सुर्खेतमा कर्णाली प्रदेश सरकारसँग बीमा सम्बन्धी छलफल एवम् अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख अतिथि कर्णाली प्रदेशका मुख्यमन्त्री राज कुमार शर्माले बीमाको पहुँच विस्तारका लागि बीमा कम्पनीहरु शहरी क्षेत्रमा मात्र केन्द्रित नभई ग्रामीण क्षेत्रसम्म पुग्नुपर्ने र बीमा सम्बन्धी जनचेतना अविृद्धिमा जोड दिनुपर्ने बताउनुभयो ।

मुख्यमन्त्री शर्माले बीमा गर्न चाहनेले सहजै बीमा गर्न पाउने र विना झन्झट समयमा नै दाबी भुक्तानी पाउने सुनिश्चित गर्न आग्रह गर्नुहुँदै बीमाबाट कसरी लाभ प्राप्त गर्न सकिन्छ भन्ने बारेमा सर्वसाधारणलाई स्पष्ट पार्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले प्रदेश सरकारले बीमा सम्बन्धी नीति ल्याउनुपर्ने र सेवासँग बीमालाई जोडेर बीमाको दायरा विस्तारमा जोड दिनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

अध्यक्ष सिलवालले बीमा मार्फत थोरै रकमबाट धेरै आर्थिक सुरक्षण हुने भएकाले घर तथा सम्पत्तिको बीमा गर्ने र ठेक्कापट्टाका क्रममा मात्र नभई निर्माण सम्पन्न भएपछि पनि भौतिक पूर्वाधारहरूको बीमा गर्नेतर्फ सम्बन्धित निकायको ध्यान जानुपर्ने बताउनुभयो ।

प्रदेश सरकारले लक्षित स्थान र समूह पहिचान गरी बीमामा अनुदानको व्यवस्था गर्नु उचित हुने सुझाव दिनुहुँदै अध्यक्ष सिलवालले कर्णाली प्रदेशको आवश्यकताका आधारमा बीमाको व्यवस्था गर्न प्राधिकरण तयार रहेको जानकारी दिनुभयो ।



कर्णाली प्रदेश सरकारसँग आयोजित बीमा सम्बन्धी अन्तर्क्रिया कार्यक्रममा सहभागीहरु ।

कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्नुहुँदै नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले बीमा क्षेत्रको विकास तथा बीमाको दायरा विस्तार गर्ने, बीमा सम्बन्धी सचेतना बढाउने र बीमा सम्बन्धी समस्याहरूको समाधान गर्ने सन्दर्भमा प्राधिकरणले प्रदेश सरकार र स्थानीय सरकारहरूसँग अन्तर्क्रिया कार्यक्रम आयोजना गर्दै आएको बताउनुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशक पुजन ढुङ्गेल (अधिकारी) ले बीमाको महत्व, बीमा बजारको विद्यमान अवस्था, बीमाको विकास एवम् पहुँच विस्तारमा प्रदेश सरकारको भूमिका लगायत बीमा सम्बन्धी समग्र विषयमा प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रममा सहभागीहरूले बीमा कम्पनीहरूले पशुबीमा गर्न ध्यान नदिएको, सुँगुरको बीमा नगरेको, बीमा कम्पनीहरु जिल्ला सदरमुकाममा मात्र केन्द्रित हुने गरेको, गाउँ गाउँमा बीमा कम्पनीहरु नपुगेको, कम्पनीहरूले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतको भूमिका निर्वाह नगरेको, कम्पनीका क्रियाकलापबाट बीमा नाफा मात्र नभई सेवा पनि हो भन्ने नदेखिएको, बीमा दाबी गर्न धेरै ठाउँ धाउनुपर्ने बाध्यता रहेको, कृषि बीमामा धेरै समस्या रहेको, कर्णालीमा भूकम्प पश्चात् पनि विपद् कोषमा बीमा कम्पनीहरूको योगदान नभएको जस्ता गुनासाहरु आउने गरेको जानकारी दिनुभयो ।

कार्यक्रममा कर्णाली प्रदेश सरकारका मन्त्री, कर्णाली प्रदेश योजना आयोगका उपाध्यक्ष, कर्णाली प्रदेश सरकारका प्रमुख सचिव, प्रदेश मन्त्रालयका सचिव, कर्णाली प्रदेशस्थित सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधि, बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृत तथा प्रतिनिधिहरु लगायतको सहभागिता रहेको थियो ।

कार्यक्रमको संचालन नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयका प्रमुख पदम प्रसाद सोडारीले गर्नुभएको थियो ।

## लुम्बिनी प्रदेश सरकारसँग बीमा सम्बन्धी अन्तर्क्रिया

# बीमाको विकास र दायरा वृद्धि गर्न प्रदेश बीमा नीति आवश्यक छ : अध्यक्ष सिलवाल

नेपाल बीमा प्राधिकरणको आयोजनामा यही २०८० साल मङ्सीर १९ गते राप्ती उपत्यका (देउखुरी) स्थित लुम्बिनी प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सभाहलमा लुम्बिनी प्रदेश सरकारसँग बीमा सम्बन्धी अन्तर्क्रिया एवम् छलफल कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख अतिथि लुम्बिनी प्रदेशका मुख्यमन्त्री डिल्ली बहादुर चौधरीले बीमा दाबी भुक्तानी समयमै नदिई ढिलाई गर्ने बीमा कम्पनीहरूलाई कारवाही गर्न नेपाल बीमा प्राधिकरणसँग आग्रह गर्नुभयो ।

मुख्यमन्त्री चौधरीले बीमा दाबी भुक्तानी सजिलै गर्ने वातावरण तयार गरी बीमा क्षेत्रलाई बद्नाम हुन नदिन आग्रह समेत गर्नुभयो ।

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले प्रदेशमा बीमा क्षेत्रको समग्र विकास एवम् विस्तारका लागि प्रदेश बीमा नीति ल्याउनु आवश्यक भएको औंल्याउनुहुँदै बीमा नीति निर्माणमा सहयोग गर्न प्राधिकरण तयार रहेको बताउनुभयो ।

अध्यक्ष सिलवालले भन्नुभयो, "बीमा सम्बन्धमा आउने गुनासा कम गर्न प्राधिकरणले नीतिगत र व्यवहारिक रूपमा कार्य गर्दै आएको छ, स्थानीयस्तरसम्म सहजरूपमा बीमा सेवा पुऱ्याउन जोड दिइएको छ ।"



लुम्बिनी प्रदेश सरकारसँग आयोजित बीमा सम्बन्धी अन्तर्क्रिया कार्यक्रममा सहभागीहरु ।

कार्यक्रममा उठेका प्रश्नहरूको जवाफ दिनुहुँदै अध्यक्ष सिलवालले बीमा दाबी भुक्तानीलाई छिटो बनाउने कार्य भइरहेको जानकारी दिनुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशक सुशीलदेव सुवेदीले बीमाको महत्व, बीमा बजारको विद्यमान अवस्था, बीमा क्षेत्रको विकास एवम् विस्तारमा प्रदेश सरकारको भूमिका लगायत बीमा सम्बन्धी समग्र विषयमा प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रममा सहभागीहरूले बीमा गर्न बीमा अभिकर्ता घर घरमा जाने तर दाबी भुक्तानी गर्ने समयमा भने बीमा कम्पनीहरूले ढिलाई गर्ने वा नदिने गरेको गुनासो आउने गरेको, कृषि प्राविधिक र बीमा अभिकर्ताले पर्याप्त पारिश्रमिक नपाएका कारण कृषि बीमा विस्तार नभएको, हरेक स्थानीय तहसम्म बीमकका शाखा विस्तार गर्नु आवश्यक देखिएको उल्लेख गर्नुभएको थियो ।

यसैगरी, बीमा कम्पनीहरूले Compulsory बीमा बाहेक अन्य बीमा गर्न नमानेको, लम्पीस्किन रोगका कारण क्षति भएका गाई, भैंसीको बीमा दाबी भुक्तानी नगरेको, कोरोना बीमाको दाबी भुक्तानी नपाएको, दाबी भुक्तानी समयमा नपाउँदा बीमाप्रतिको विश्वसनीयतामा कमी आएको लगायतका धारणा सहभागीहरूले राख्नुभएको थियो ।

कार्यक्रममा लुम्बिनी प्रदेशका मन्त्री, प्रमुख सचिव र प्रदेश मन्त्रालयका सचिवहरु, नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक र प्रदेशस्थित विभिन्न सरकारी निकायका पदाधिकारीहरूको सहभागिता रहेको थियो ।

कार्यक्रमको संचालन नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयका प्रमुख पूर्ण बहादुर थापाले गर्नुभएको थियो ।

## चितवनका केरा उत्पादकहरुसँग बीमा सम्बन्धी अन्तर्क्रिया

# केराबीमा वापतको झण्डै रू. दुई करोड दाबी भुक्तानी हुन बाँकी रहेको गुनासो

नेपाल बीमा प्राधिकरणको आयोजनामा यही २०८० साल मङ्सीर २३ गते चितवनमा चितवन केरा उत्पादक सङ्घसँग बीमा सम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा सङ्घका पदाधिकारीहरूले करिव ३ हजार विघा जमीनमा केराखेती हुने गरेको र करिव ७ सय कृषक केराखेतीमा आवद्ध रहेको जानकारी दिनुभयो ।

उहाँहरूले केरा बीमालेखलाई सरल बनाउन, उपयुक्तरूपमा दाबी मूल्याङ्कन गर्न, समयमा नै दाबी भुक्तानी दिने व्यवस्था गर्न तथा केराबीमा सम्बन्धी समस्यालाई लिएर कृषि तथा पशुन्छी विकास मन्त्रालय र नेपाल बीमा प्राधिकरणमा डेलिगेशन जानुपर्ने अवस्था आउन नदिन आग्रह गर्नुभयो ।

उहाँहरूले केराबीमा वापत बीमा कम्पनीहरूबाट झण्डै रु दुई करोड दाबी भुक्तानी हुन बाँकी रहेको बताउनुभयो ।

नेपाल बीमा प्राधिकरणका उपनिर्देशक निर्मल अधिकारीले केराबीमालाई व्यवस्थित किसिमले अगाडि बढाउन र समयमैं दाबी भुक्तानी दिन आवश्यक समन्वयन गर्ने जानकारी दिनुभयो ।

# बीमकहरू र बीमा सर्भेयरहरूले गुणस्तरीय सेवा दिनुपर्छ : अध्यक्ष सिलवाल

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले बीमा कम्पनी र बीमा सर्भेयर एकअर्काका परिपूरक भएकाले दुबैले सानातिना समस्याहरु समाधान गर्दै विश्वसनीयढङ्गले काम गर्नुपर्ने बताउनुभएको छ ।

नेपाल बीमा प्राधिकरणद्वारा यही २०८० साल मङ्सीर १७ गते काठमाडौंमा आयोजित नेपाल बीमक सङ्घ र नेपाल बीमा सर्भेयर सङ्घसँगको अन्तर्क्रिया एवम् छलफल कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै अध्यक्ष सिलवालले भन्नुभयो, "दुबै सङ्घले एकले अर्कालाई बुझ्नुपर्छ, सानातिना समस्या समयमैं समाधान गर्नुपर्छ, विद्यमान कानून अनुसार काम गर्नुपर्छ, बीमा क्षेत्रलाई अघि बढाउन संयुक्तरूपमा अघि बढ्नुपर्छ ।"

बीमा गरिएका सम्पत्तिको क्षतिको प्रतिवेदन तयार गर्दा कुनै पनि बहानाबाजी नगरी मर्का परेका व्यक्तिले जे दिन्छन् त्यसैलाई आधार मानेर प्रतिवेदन तयार गरी समयमा नै पेश गर्न निर्देशन दिनुहुँदै अध्यक्ष सिलवालले भन्नुभयो, "बीमा सर्भेयरको विज्ञताका आधारमा कामको बाँडफाँड हुनुपर्छ, दुबै सङ्घले समझदारी गरेर अन्तर्राष्ट्रिय अभ्यास समेतका आधारमा सर्भेयरको फि तय गर्नुपर्छ, विश्वसनीयताका लागि सर्भेयरको व्यवस्था गरिएको विषयलाई बीमकहरूले बुझ्नुपर्छ ।"

अध्यक्ष सिलवालले भन्नुभयो, "दुबै सङ्घका पदाधिकारीहरूले नयाँ काम गर्नुपर्‍यो, सर्भेयरका लागि तालिम आयोजना गर्नुपर्‍यो, गुणस्तरीय सेवा दिनेतर्फ ध्यान दिनुपर्‍यो, कुन बीमा कम्पनीले कति सर्भेयरलाई कति काम दिएको छ, त्यो थाहा हुनेगरी डिजिटल फ्रेमवर्कमा जोडिनुपर्‍यो, बीमक र सर्भेयरको कारणले दाबी फछ्र्योटमा ढिलाइ भयो भन्ने गुनासो आउनुभएन ।"

नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले बीमा सर्भेयरले छिटोभन्दा छिटो प्रतिवेदन बुझाउनुपर्ने र बीमा कम्पनीले पनि प्रतिवेदन प्राप्त हुनासाथ 'सर्भे फी' भुक्तानी गर्नुपर्ने बताउनुभयो ।

नेपाल बीमा प्राधिकरणका निर्देशक कमल प्रसाद रेग्मीले बीमितको हक हित सुरक्षित हुनेगरी बीमक र सर्भेयरले काम गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

नेपाल बीमा प्राधिकरणका निर्देशक सुशीलदेव सुवेदीले बीमा सर्भेयरको सङ्ख्यामा भएको वृद्धिलाई




नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै ।

चुनौतीका रूपमा नभई अवसरका रूपमा लिनुपर्ने र बीमितलाई छिटो सेवा दिनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका उपनिर्देशक विरोध भट्टले बीमा सर्भेयर र बीमकसँग सम्बन्धित समस्या तथा समाधान सम्बन्धी प्रस्तुती गर्नुभएको थियो ।

यसैगरी, नेपाल बीमक सङ्घका उपाध्यक्ष वीरेन्द्र वैदवारले बीमा सर्भेयरसँग देखिएका समस्या र समाधान उपाय तथा नेपाल बीमा सर्भेयर सङ्घका अध्यक्ष मोहन पुरुष ढकालले बीमा सर्भेयर र बीमकबीचको सम्बन्ध, सर्भेयर फी तथा नेपाल बीमा प्राधिकरणसँगको अपेक्षा सम्बन्धी प्रस्तुती गर्नुभएको थियो ।

नेपाल बीमा प्राधिकरणका निर्देशक दिनेश कुमार लालले संचालन गर्नुभएको कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशक पुजन ढुङ्गेल (अधिकारी) र निर्जीवन बीमा कम्पनी तथा पुनर्बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरूको सहभागिता रहेको थियो ।



नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेल र कार्यक्रममा सहभागीहरु ।

## कोशी प्रदेशस्थित बीमकका प्रदेश कार्यालयका प्रमुखहरुसँग बीमा सम्बन्धी अन्तर्क्रिया

# बीमकका कर्मचारी र अभिकर्ताले बैङ्क र बीमाबीचको फरक बुझाउनुपर्छ : अध्यक्ष सिलवाल

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले दिगो हुनेगरी गुणस्तरीय बीमा व्यवसाय गर्न बीमा कम्पनीहरूलाई निर्देशन दिनुभएको छ ।

नेपाल बीमा प्राधिकरणद्वारा यही २०८० साल पुस २ गते विराटनगरमा बीमा कम्पनीका कोशी प्रदेशस्थित प्रदेश, शाखा र उपशाखा कार्यालयका प्रमुखहरूसँग आयोजित अन्तर्क्रिया कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै अध्यक्ष सिलवालले बीमा ऐन, नियम र निर्देशिका बमोजिम काम गर्न निर्देशन दिनुभयो ।

अध्यक्ष सिलवालले भन्नुभयो, "बीमा कम्पनीका कर्मचारी र बीमा अभिकर्ताहरूले बैङ्क र बीमाबीचको फरक नागरिकलाई बुझाउनुपर्छ, कागजको पूर्णता, ग्राहकको पहिचान र बीमितको स्रोत सुनिश्चितता भएपछि मात्र बीमा गर्नुपर्छ ।"

सम्पत्ति शुद्धीकरण गर्ने गरी बीमा गरेको पाइएमा कारवाही गरिने उल्लेख गर्नुहुँदै अध्यक्ष सिलवालले भन्नुभयो, "बीमकहरूले संस्थागत सामाजिक उत्तरदायित्व र कर्मचारीहरूको तालिमका लागि रकम छुट्याउनुपर्छ, कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि तालिम दिनुपर्छ, बीमकका कर्मचारीहरूले पनि बजारको अध्ययन अनुसन्धान गरेर नयाँ नयाँ बीमालेख ल्याउन माग गर्नुपर्छ ।"

अध्यक्ष सिलवालले बीमकका संचालक समिति र व्यवस्थापनबाट कर्मचारीहरूको हित विपरित कार्य भएमा त्यसका बारेमा गोप्यरूपमा जानकारी दिन सुझाव दिनुभयो ।

नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले बीमाप्रति नागरिकको विश्वास बढ्ने गरी स्वच्छ रूपमा बीमा व्यवसाय गर्न निर्देशन दिनुभयो ।

कार्यक्रममा हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेडका प्रमुख कार्यकारी अधिकृत मनोज कुमार लाल कर्ण र सानिमा जीआईसी इन्स्यारेन्स लिमिटेडका प्रमुख कार्यकारी अधिकृत सुद्युम्न प्रसाद उपाध्यायले कार्यक्रममा उठेका प्रश्नहरूको जवाफ दिनुभएको थियो ।

कार्यक्रममा सहभागीहरूले बीमकका प्रदेश तथा शाखा कार्यालयलाई सुविधा सम्पन्न बनाउन, अधिकार प्रत्योजन गर्न, जोखिमाङ्कन, दावी व्यवस्थापन र बजारीकरण सम्बन्धी तालिम दिन, पूर्वाञ्चल विश्वविद्यालय अन्तर्गतको पाठ्यक्रममा बीमा विषय समावेश गराउनका लागि पहल गर्न, संचालक र व्यवस्थापकको मात्र नभई कर्मचारीहरूको समेत वृत्ति विकासको व्यवस्था गर्न आग्रह गर्नुभएको थियो ।

कार्यक्रमको संचालन नेपाल बीमा प्राधिकरणका निर्देशक दिनेश कुमार लालले गर्नुभएको थियो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयका प्रमुख, बीमा कम्पनीका कोशी प्रदेशस्थित प्रदेश कार्यालय, शाखा कार्यालय र उपशाखा कार्यालयका प्रमुख तथा प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

## नेपाल आर्थिक पत्रकार सङ्घसँग बीमा सम्बन्धी अन्तर्क्रिया

# संचारकर्मीहरूले सत्यतथ्यमा आधारित समाचार सम्प्रेषण गर्नुपर्ने अध्यक्ष सिलवालको भनाइ

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले संचारकर्मीहरूले आग्रह तथा पूर्वाग्रहबाट माथि उठेर सत्यतथ्यमा आधारित समाचार सम्प्रेषण गर्नुपर्ने बताउनुभएको छ ।

नेपाल बीमा प्राधिकरणद्वारा यही २०८० साल मङ्सीर २९ गते काठमाडौंमा आयोजित नेपाल आर्थिक पत्रकार सङ्घ (नाफिज) सँगको बीमा सम्बन्धी अन्तर्क्रिया कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै अध्यक्ष सिलवालले भन्नुभयो, "संचारकर्मीहरु आग्रह पूर्वाग्रहबाट माथि उठ्नुपर्‍यो, संचारकर्मीहरूले सत्य तथ्यमा आधारित समाचार सम्प्रेषण गर्नुपर्‍यो, काल्पनिक कुरा गर्नु भएन, त्रुटीपूर्ण काम गरेको भएमा त्यसलाई सार्वजनिक गर्नुपर्‍यो ।"

अध्यक्ष सिलवालले बीमालाई सरकारी सेवासँग आवद्ध गर्नुपर्ने र स्वदेशभित्रै जोखिम बहन गर्न बीमा कम्पनीहरूले क्षमता बढाउनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले संचारकर्मीहरूले अरूभन्दा छिटो समाचार प्रकाशन एवम् प्रशारण गर्ने होडबाजीमा सत्यतथ्यलाई कदापि बिर्सनु नहुने बताउनुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशक सुशीलदेव सुवेदीले बीमाङ्कीय मूल्याङ्कनका सम्बन्धमा संचारकर्मीहरूले राखेका जिज्ञासाहरूको जवाफ दिनुभएको थियो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका उपनिर्देशक शाम्भराज लामिछानेले बीमाको नियामकीय व्यवस्था सम्बन्धमा र उपनिर्देशक निर्मला मल्लले बीमाङ्कीय मूल्याङ्कन सम्बन्धमा प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रममा नेपाल आर्थिक पत्रकार सङ्घ (नाफिज) का पदाधिकारीहरु लगायत विभिन्न संचार माध्यममा कार्यरत आर्थिक पत्रकारहरूको सहभागिता रहेको थियो ।

# सम्पत्ति बीमादर निर्देशिकामा करिव ९० प्रतिशतको बीमादर घटाइएको छ : अध्यक्ष सिलवाल

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले नेपालका बीमा कम्पनीहरूले अन्तर राष्ट्रियस्तरमा राम्रो रेटिङ्ग भएका पुनर्बीमा कम्पनीहरूमा पुनर्बीमा गर्न सकुन् र बीमा दाबी सुनिश्चित हुनसकोस् भनेर प्राधिकरणले आवश्यक व्यवस्था गरेको बताउनुभएको छ ।

नेपाल बीमा प्राधिकरणद्वारा यही २०८० साल पुस ३ गते विराटनगरमा उद्योग सङ्गठन मोरङसँग बीमा सम्बन्धी समसामयिक विषयमा आयोजित अन्तर्क्रिया एवम् छलफल कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै अध्यक्ष सिलवालले सम्पत्ति बीमादर निर्देशिकामा करिव ९० प्रतिशतको बीमादर घटाइएको र जोखिमका आधारमा कुनै कुनैको बीमादर मात्रै बढेको स्पष्ट गर्नुभयो ।

अध्यक्ष सिलवालले भन्नुभयो, "अन्तर्राष्ट्रियस्तरमा राम्रो रेटिङ् भएका पुनर्बीमा कम्पनीहरूले न्यून बीमादरमा पुनर्बीमा स्वीकार नगर्ने भएकाले नेपालका केही बीमा कम्पनीले 'नन् रेटिङ्ग' भएका पुनर्बीमा कम्पनीमा पुनर्बीमा गरेका छन्, जसका कारण पुनर्बीमकबाट कतिपय अवस्थामा दाबी रकम समयमा नपाउँदा बीमकबाट हुने दाबी भुक्तानीमा ढिलाई हुने गरेको छ, यसका बारेमा प्राधिकरणले गम्भीर अध्ययन गरिरहको छ ।"

अध्यक्ष सिलवालले बीमा कम्पनीले राम्रो रेटिङ्ग भएका पुनर्बीमा कम्पनीमा पुनर्बीमा गर्न सकुन् र दाबी सुनिश्चित होस् भनेर अन्तर्राष्ट्रिय सिद्धान्त र पर्याप्त अध्ययन समेतका आधारमा सम्पत्ति बीमादर निर्देशिका ल्याइएको स्पष्ट गर्नुभयो ।

उद्योगी व्यवसायीहरूले राखेका प्रश्नहरूको जवाफ दिनुहुँदै अध्यक्ष सिलवालले भन्नुभयो, "सामुद्रिक बीमादर सम्बन्धी निर्देशिका, २०६५ बमोजिम रु ५० करोडको सामान आयात गर्दा बीमितले पाउने २० प्रतिशत छूट तत्कालै दिन बीमा कम्पनीहरूलाई निर्देशन दिइएको छ, प्राधिकरणमा बीमितबाट आएका गुनासा एवम् उजूरीमध्ये ९५ प्रतिशत बीमितको पक्षमा फैसला भएको छ, प्राधिकरणका प्रादेशिक कार्यालयमा समेत दाबी सम्बन्धी उजुरी लिने व्यवस्था गरिएको छ ।"




नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल, कार्यकारी निर्देशक राजुरमण पौडेल र उद्योग सङ्गठन मोरङका अध्यक्ष राकेश सुरानाका साथमा अतिथीहरु ।

नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले बीमा दाबी भुक्तानीमा ढिलाई नगरी तोकिएकै समयमा दाबी भुक्तानी दिन बीमा कम्पनीहरूलाई निर्देशन दिइएको जानकारी दिनुभयो ।

कार्यक्रममा उद्योगी व्यवसायीहरूले उठाएका बीमा कम्पनीसँग सम्बन्धित प्रश्नहरूको जवाफ हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेडका प्रमुख कार्यकारी अधिकृत मनोज कुमार लाल कर्ण र सानिमा जीआईसी इन्स्यारेन्स लिमिटेडका प्रमुख कार्यकारी अधिकृत सुद्युम्न प्रसाद उपाध्यायले दिनुभएको थियो ।

उद्योग सङ्गठन मोरङका अध्यक्ष राकेश सुरानाले सम्पत्ति बीमादर निर्देशिकामा प्लाष्टिक, प्लाइउड लगायतको बीमादर बढाइएको र सुरक्षण आवश्यक नभएकोमा समेत बीमा अनिवार्य गरिएको गुनासो गर्नुभयो ।

कार्यक्रममा सहभागी उद्योगी व्यवसायीहरूले 'कन्ट्रयाक्टर अल रिस्क" बीमालेख महङ्गो भएको, बीमा कम्पनीहरूले दाबी भुक्तानी दिन ढिलाई गर्ने गरेको, आर्थिक सङ्कटको हालको अवस्थामा बैङ्कको ब्याजदर घटाइए जस्तै बीमादरमा समेत राहत आवश्यक भएको, न्यूनतम बीमादर तोक्नुभन्दा अधिकतम बीमादर तोक्नु आवश्यक देखिएको, सामुद्रिक बीमादर सम्बन्धी निर्देशिका बमोजिम रु ५० करोडको सामान आयात गर्दा २० प्रतिशत छूट दिन बीमा कम्पनीहरूले ढिलाई गरी छ महिनादेखि आर्थिक वर्षको अन्त्यसम्म पुऱ्याउने गरेको लगायतका धारणा राख्नुभएको थियो ।

नेपाल बीमा प्राधिकरणका निर्देशक दिनेश कुमार लालले संचालन गर्नुभएको कार्यक्रममा प्राधिकरणका कोशी प्रदेश कार्यालयका प्रमुख र उद्योग सङ्गठन मोरङका पदाधिकारीहरु लगायत उद्योगी व्यवसायीहरूको सहभागिता रहेको थियो ।

## लुम्बिनी प्रदेशस्थित बीमा कम्पनीका प्रदेश कार्यालय प्रमुखहरुसँग अन्तर्क्रिया

# गाउँ गाउँमा पुगेर विश्वास बढ्नेगरी व्यवसाय गर्न बीमकहरूलाई अध्यक्ष सिलवालको निर्देशन

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले शहरी क्षेत्रमा मात्र केन्द्रित नभई गाउँ गाउँमा पुगेर नागरिकको विश्वास बढ्ने गरी बीमा व्यवसाय गर्न बीमा कम्पनीका प्रदेश कार्यालयका प्रमुखहरूलाई निर्देशन दिनुभएको छ ।

नेपाल बीमा प्राधिकरणद्वारा यही २०८० साल मङ्सीर १९ गते रुपन्देही जिल्लाको बुटवलमा लुम्बिनी प्रदेशस्थित बीमा कम्पनीका प्रदेश कार्यालय प्रमुखहरूसँग आयोजित अन्तर्क्रिया एवम् छलफल कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै अध्यक्ष सिलवालले स्थानीय तहसँग नियमित रूपमा सम्पर्कमा रही काम गर्न, कानून, नियम र निर्देशिकाले निषेध गरेका कार्य नगर्न र नागरिकलाई गुणस्तरीय सेवा दिन निर्देशन दिनुभयो ।

अध्यक्ष सिलवालले ग्रामीण क्षेत्रका बासिन्दाका घर घरमा गएर बीमा सेवा दिन, डिजिटल माध्यमबाट व्यवसाय गर्न र स्थानीय आवश्यकताका आधारमा लघुबीमालेख ल्याउन लघुबीमा कम्पनीहरूलाई निर्देशन दिनुभयो ।

कार्यक्रममा सहभागीहरूले बीमा सम्बन्धी जानकारीमूलक कार्यक्रमहरु वडा वडामा समेत गर्नुपर्ने, विद्यालयका पाठ्यक्रममा बीमा विषयलाई समेत समावेश गर्न पहल गर्नुपर्ने, घर निर्माण गर्दा नै बीमा गर्ने व्यवस्था गर्नुपर्ने, कृषि प्राविधिकको पर्याप्त सङ्ख्यामा व्यवस्था गर्नुपर्ने लगायतका धारणा राख्नुभएको थियो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेल, निर्देशक सुशीलदेव सुवेदी, प्राधिकरणको लुम्बिनी प्रदेश कार्यालयका प्रमुख पूर्ण बहादुर थापा तथा जीवन बीमा कम्पनी, निर्जीवन बीमा कम्पनी र लघुबीमा कम्पनीका प्रदेश कार्यालय प्रमुख एवम् प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

## बीमकका प्रदेश तथा शाखा कार्यालयका प्रमुखहरुसँग अन्तर्क्रिया

# कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि तालिम आयोजना गर्न आग्रह

नेपाल बीमा प्राधिकरणको आयोजनामा यही २०८० साल मङ्सीर २५ गते चितवनमा चितवन जिल्लास्थित बीमा कम्पनीका प्रदेश कार्यालय तथा शाखा कार्यालयका प्रमुखहरूसँग अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा सहभागीहरूले सम्पत्ति बीमा निर्देशिकामा व्यापारिक भवनको बीमाशुल्क बढी भएको गुनासा आउने गरेको, लघुबीमाका बारेमा वडास्तरमा बुझाउन नसकिएको, बीमकका कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि तालिम आवश्यक भएको, तेस्रो पक्ष बीमा दाबी फछ्र्यौटमा समस्या देखिएको लगायतका धारणा राख्नुभएको थियो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका उपनिर्देशक निर्मल अधिकारीले बीमकका प्रदेश कार्यालय तथा शाखा कार्यालयका कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि तालिम आयोजना गर्न, कार्यालयलाई सुविधा सम्पन्न बनाउन तथा ससाना दाबी प्रदेश कार्यालयबाटै फछ्र्यौट गर्ने व्यवस्था गर्न आवश्यक रहेको बताउनुभयो ।

साथै, उहाँले बीमा बजारको विस्तारका लागि स्थानीय सरकारसँग समेत समन्वय गरी स्थानीय आवश्यकता अनुरूप नयाँ नयाँ बीमालेख ल्याउन कम्पनीहरूलाई सुझाव दिन निर्देशन दिनुभयो ।

कार्यक्रममा चितवन जिल्लास्थित बीमा कम्पनीका प्रदेश कार्यालय तथा शाखा कार्यालयका प्रमुख तथा कर्मचारीहरूको सहभागिता रहेको थियो ।

## बीमा सम्बन्धी समस्या परेमा उजूर गर्न सक्ने व्यवस्था

- बीमा सम्बन्धी कुनै गुनासो भए वा समस्या परेमा नेपालको बीमा नियमनकारी निकाय 'नेपाल बीमा प्राधिकरण' मा उजूरी दिन सकिने छ ।
- बीमकले दायित्व निर्धारण नगरेमा वा गरे पनि बीमितलाई मर्का पर्ने गरी दायित्व निर्धारण गरेमा बीमितले त्यसको कारण समेत खोली नेपाल बीमा प्राधिकरणमा उजूरी गर्नु पर्दछ ।
- बीमाको दायित्व निर्धारणका सम्बन्धमा बीमक विरुद्ध बीमितले दिएका उजूरी माथि नेपाल बीमा प्राधिकरणले निर्णय गर्दछ ।
- बीमक र बीमितबीचको कुनै विवाद उत्पन्न भएमा त्यसको मध्यस्थता गर्ने कार्य पनि नेपाल बीमा प्राधिकरणले गर्दछ ।

## चितवन जिल्लाका स्थानीय तहमा बीमा सम्बन्धी अन्तर्क्रिया

# बीमालेखलाई समयानुकूल परिमार्जन गर्न र दाबी भुक्तानीलाई सहज बनाउन आग्रह

नेपाल बीमा प्राधिकरणको आयोजनामा यही २०८० साल मङ्सीरमा बागमती प्रदेशको चितवन जिल्लाका कालिका नगरपालिका, राप्ती नगपालिका, रत्ननगर नगरपालिका र माडी नगरपालिकासँग बीमा सम्बन्धी जनचेतनामूलक अन्तर्क्रिया तथा छलफल कार्यक्रम सम्पन्न भएको छ ।

**कालिका नगरपालिका**सँग मङ्सीर २२ गते आयोजित अन्तर्क्रिया कार्यक्रममा प्रमुख अतिथि कालिका नगरपालिकाका प्रमुख विनोद रेग्मीले पालिकाका सेवासँग जोडेर बीमालाई अगाडि बढाउन नीतिगत व्यवस्था गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । साथै, उहाँले बीमालेखलाई समयानुकूल परिमार्जन गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

**राप्ती नगरपालिका**सँग मङ्सीर २४ गते भएको कार्यक्रममा राप्ती नगरपालिकाको वडा नं. ७ का वडा अध्यक्ष सुमिता डल्लाकोटीले बीमा क्षेत्रको विकास र दायरा विस्तारका लागि नीतिगत व्यवस्था गरी समन्वय गर्न पालिका तयार रहेको बताउनुभयो । साथै, उहाँले बीमा दाबी भुक्तानीलाई सहज एवम् सरल तुल्याउन र बीमाप्रतिको विश्वास बढाउन बीमा कम्पनीहरु लाग्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

**रत्ननगर नगरपालिका**मा मङ्सीर २४ नै आयोजित अन्तर्क्रिया कार्यममा प्रमुख अतिथि रत्ननगर नगरपालिकाका उपप्रमुख यादव प्रसाद पाठकले बीमा सम्बन्धी कार्यक्रम आयोजना गरी बीमाको महत्व लगायत समग्र विषयमा जानकारी गराएकोमा नेपाल बीमा प्राधिकरणप्रति आभार प्रकट गर्नुभयो ।

**माडी नगरपालिका**मा मङ्सीर २६ गते भएको कार्यक्रममा प्रमुख अतिथि माडी नगरपालिकाका प्रमुख कार्यकारी अधिकृत शेषकान्त पौडेलले नगरपालिका क्षेत्र जङ्गली जनावरबाट बढी प्रभावित भएकाले बीमा कम्पनीहरूले बीमा गर्न नमान्ने गरेको बताउनुभयो । साथै, उहाँले मध्यवर्ती क्षेत्रको जोखिमको रक्षावरण गर्ने गरी बीमालेख तयार गर्न प्राधिकरणसँग आग्रह गर्नुभयो ।




**रत्ननगर नगरपालिकामा आयोजित कार्यक्रममा नेपाल बीमा प्राधिकरणका तर्फबाट प्रमुख अतिथीलाई सम्झनाको चिनो प्रदान गरिँदै ।**

ती कार्यक्रमहरूमा नेपाल बीमा प्राधिकरणका उपनिर्देशक निर्मल अधिकारीले बीमा सम्बन्धी प्रस्तुती गर्नुका साथै स्थानीय सरकारले जोखिम न्यूनीकरणका लागि बीमालाई नीतिमा समावेश गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रमहरूमा सहभागीहरूले बीमा दाबी प्रक्रिया झन्झटिलो रहेको, समयमा दाबी भुक्तानी नपाएको, मध्यवर्ती क्षेत्रका कृषकहरूका बालीनाली वन्यजन्तुले क्षति गर्ने भएकाले बीमा कम्पनीहरूले बीमा गर्न नमान्ने गरेको, दाबी भुक्तानीका लागि बीमा कम्पनी अनुसार फरक फरक कागजात मागिने गरेको लगायतका गुनासाहरु व्यक्त गर्नुभएको थियो ।

यसैगरी, स्थानीय सरकारले बीमा समावेश गरी नीति बनाउनुपर्ने, बीमा दाबी प्रक्रिया सरल हुनुपर्ने, स्थानीय तहका पशुपन्छी शाखाबाट भएका सिफारिशलाई बीमा कम्पनीले मान्यता दिनुपर्ने, न्यून आय भएका र विपन्न बर्गलाई बीमामा अनुदानको व्यवस्था गर्नुपर्ने, समयमै दाबी भुक्तानी हुनुपर्ने, कृषि तथा पशु बीमालेखलाई सरल बनाउनुपर्ने, बजार मूल्य अनुसार पशुको बीमा गर्नुपर्ने, आयातित उन्नत जातका पशुको बजार मूल्य अनुसार बीमाङ्क कायम गर्नुपर्ने लगायतका धारणा सहभागीहरूले राख्नुभएको थियो ।

ती कार्यक्रममा सम्बन्धित स्थानीय तहका जनप्रतिनिधि र कर्मचारी, अगुवा कृषक, बीमा कम्पनीका शाखा कार्यालयका प्रतिनिधि, सहकारी संस्थाका पदाधिकारीहरु लगायतको सहभागिता रहेको थियो ।

## सोलुखुम्बु जिल्लाका स्थानीय तहहरुसँग बीमा सम्बन्धी अन्तर्क्रिया

# सानो बीमा दाबी भुक्तानी लिन समेत सदरमुकाम जानुपर्ने बाध्यता रहेको गुनासो

नेपाल बीमा प्राधिकरणको आयोजनामा यही २०८० साल पुसमा सोलुखुम्बु जिल्लाका विभिन्न स्थानीय तहहरूसँग बीमा सम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

जसअनुसार, **नेचासल्यान गाउँपालिका**सँग पुस ४ गते, **थुलुङ दुधकोशी गाउँपालिका**सँग पुस ५ गते र माप्य **दुधकोशी गाउँपालिका**सँग पुस ७ गते बीमा सम्बन्धी अन्तर्क्रिया कार्यक्रम आयोजना गरिएको थियो ।

ती कार्यक्रमहरूमा सम्बन्धित गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षले बीमा दाबी भुक्तानीलाई छिटोछरितो तुल्याउन नेपाल बीमा प्राधिकरणले आवश्यक कदम चाल्नुपर्ने बताउनुभयो । साथै, उहाँहरूले बीमाको दायरा अभिवृद्धिका लागि आवश्यक सहयोग गर्ने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो ।

सहभागीहरूले बीमा कम्पनीहरूले कृषिबाली बीमा गर्न आनाकानी गर्ने गरेको, सानो बीमा दाबी भुक्तानी लिन सदरमुकाम जानुपर्ने बाध्यता रहेको, बीमा दाबीका लागि तीन मिनेटको भिडियो बनाउन समस्या परेको, बीमा कम्पनीका शाखा कार्यालय र कर्मचारीहरु कृषकको पहुँचभन्दा टाढा रहेको लगायतका गुनासाहरु गर्नुभएको थियो ।

कार्यक्रमहरूमा उठेका प्रश्नहरूको जवाफ दिनुहुँदै नेपाल बीमा प्राधिकरणका निर्देशक कमल प्रसाद रेग्मीले बीमा दाबी भुक्तानीलाई छिटोछरितो तुल्याउन र कृषि तथा पशुपन्छी बीमालाई थप व्यस्थित गर्न पहल भइरहेको जानकारी दिनुभयो ।

ती कार्यक्रममा सम्बन्धित गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारी, कृषक, सहकारी संस्थाका प्रतिनिधि र स्थानीय उद्योग वाणिज्य संघका पदाधिकारीहरु लगायतको सहभागिता रहेको थियो ।

यसैगरी, पुस ६ गते सोलुखुम्बु जिल्लास्थित **जनजागृति माध्यमिक विद्यालय,** सल्लेरीमा शिक्षकहरु र कक्षा ११ तथा १२ का विद्यार्थीहरूसँग बीमा सम्बन्धी जानकारीमूलक अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

## बीमाको महत्व र आवश्यकता

- बीमाले निश्चित शर्तका आधारमा बीमकबाट पूरै वा आङ्शिक जोखिम बहन गरी भविष्यमा हुनसक्ने नोक्सानी विरूद्ध आर्थिक सुरक्षा प्रदान गर्दछ ।
- बीमाले जोखिलाई रक्षावरणको रूपमा लिने गर्दछ । अर्थात् जोखिम हस्तान्तरण गरी क्षतिपूर्ति प्राप्त गर्ने सरल माध्यम भनेको बीमा हो ।
- भविष्यमा हुनसक्ने विपत्ति र दुर्घटनाबाट जीवन तथा सम्पत्तिमा हुने क्षतिबाट सिर्जना हुने आर्थिक हानी नो क्सानीलाई बीमाले न्यूनीकरण गर्दछ ।
- बीमा व्यक्ति तथा परिवारको नाफादायक लगानी पनि हो । थोरै थोरै रकम बचत गरेर गरिएको बीमाको अवधि समाप्त भएपछि प्राप्त हुने एकमुष्ठ रकमबाट आर्थिक अभावलाई पूर्ति गर्न सकिन्छ ।
- लगानीकर्ता, उद्यमी तथा व्यवसायीलाई प्रोत्साहित गर्न, व्यवसायमा हुनसक्ने जोखिम विरूद्ध आर्थिक सुरक्षा प्रदान गर्न र वाणिज्य व्यापारको प्रवर्द्धन गर्न बीमा आश्यक हुन्छ ।
- देशमा पूँजी निर्माण गर्न, रोजगारीका अवसर सिर्जना गर्न र विपन्नता कारण हुने सामाजिक विकृतिमा कमी ल्याउन समेत बीमाको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

# बीमा क्षेत्रको त्रैमासिक सुचकाङ्कहरु

| सि.नं. | सूचक | दोस्रो त्रैमासिकसम्मको (आ.व. २०७९/८०) | दोस्रो त्रैमासिकसम्मको (आ.व. २०८०/८१) | परिवर्तन % |
|---|---|---|---|---|
| १ | जीवन बीमालेख संख्या (म्यादि, लघु म्यादि र बैदेशिक रोजगार जीवन बीमालेख बाहेक) | ५,५०१,५७० | ५,४९६,४५७ | (०.०९) |
| २ | म्यादि र लघु म्यादि जीवन बीमालेख संख्या | ७,३१३,१२१ | ६,३४३,९८९ | (१३.२५) |
| ३ | बैदेशिक रोजगार बीमालेख संख्या | १,२९४,४५९ | १,९१४,९५० | ४७.९३ |
| ४ | **कुल जीवन बीमालेख संख्या** | **१४,१०९,१५०** | **१३,७५५,३९६** | **(२.५१)** |
| ५ | **कुल निर्जीवन बीमालेख संख्या** | **१,३९५,०३२** | **१,४४१,४४९** | **३.३३** |
| ६ | प्रथम जीवन बीमाशुल्क संकलन रु.लाखमा | १४१,७७९.२३ | १३८,१६७.९४ | (२.५५) |
| ७ | नविकरण जीवन बीमाशुल्क संकलन रु. लाखमा | ५७४,७४१.३० | ६०४,०३८.२२ | ५.१० |
| ८ | **कुल जीवन बीमाशुल्क संकलन रु.लाखमा** | **७१६,५२०.५४** | **७४२,२०६.१६** | **३.५८** |
| ९ | **कुल निर्जीवन बीमाशुल्क संकलन रु.लाखमा** | **२००,८२५.०१** | **१९४,४१०.८८** | **(३.१९)** |
| १० | **जम्मा बीमाशुल्क संकलन रु. लाखमा** | **९१७,३४५.५४** | **९३६,६१७.०४** | २.१० |
| ११ | बीमाको दायरामा आएको जनसंख्या प्रतिशतमा(म्यादि, लघु म्यादि र बैदेशिक रोजगार जीबन बीमालेख बाहेक) | १७.१७ | १७.०८ | |
| १२ | बीमाको दायरामा आएको जनसंख्या प्रतिशत (म्यादि र लघु म्यादि जीवन बीमालेख सहित) | ४०.०० | ३६.७८ | |
| १३ | **बीमाको दायरामा आएको जनसंख्या प्रतिशत (म्यादि, लघुम्यादि र बैदेशिक रोजगार जीवन बीमालेख सहित)** | ४४.२५ | ४३.०५ | |
| १४ | जीवन बीमा कम्पनीहरुको कार्यालय संख्या | २,१९८ | १,८२८ | (१६.८३) |
| १५ | निर्जीवन बीमा कम्पनीहरुको कार्यालय संख्या | १,०५० | १,०४० | (०.९५) |
| १६ | **बीमा कम्पनीहरुको जम्मा कार्यालय संख्या** | **३,२४८** | **२,८६८** | **(११.७०)** |
| १७ | जीवन बीमा कम्पनीहरुको कर्मचारी संख्या | ६,०४० | ५,८१८ | (३.६८) |
| १८ | निर्जीवन बीमा कम्पनीहरुको कर्मचारी संख्या | ५,६३१ | ५,६८० | ०.८७ |
| १९ | **बीमा कम्पनीहरुको जम्मा कर्मचारी संख्या** | **११,६७१** | **११,४९८** | **(१.४८)** |

नोटः *१. राष्ट्रिय तथ्याङ्क कार्यालयले वि.स. २०७८ सालको जनगणनाको प्रतिवेदनमा प्रकाशित जनसंख्याको वृद्धि प्रतिशतका आधारमा यस महिनासम्मको जनसंख्या प्रक्षेपण गरि बीमाको दायरा गणना गरिएको।*

*२. लघु जीवन बीमा कम्पनीको विवरण जीवन बीमामा र लघु निर्जीवन कम्पनीको विवरण निर्जीवन बीमामा समावेस गरी गणना गरिएको।*

## नेपाल बीमा प्राधिकरणबाट मंसीर र पुस महिनामा भएका गतिबिधिहरु

| क्र.सं. | शिर्षक | समग्रमा |
|---|---|---|
| १ | प्राधिकरणमा दर्ता भएका उजुरी संख्या (चालु आ.व. को हालसम्म) | ११४ |
| २ | फैसला संख्या (चालु आ.व. को हालसम्म) | ७५ |
| ३ | प्राधिकरणबाट स्वीकृत बीमालेख संख्या | १३ |
| ६ | प्राधिकरणबाट जारी स्तरीकृत कृषि तथा पशुपन्छी बीमालेख संख्या | ४ |
| ७ | बीमा कम्पनीहरूलाई प्रदान गरेको प्रदेश कार्यालय स्वीकृती संख्या | १ |
| ८ | बीमा कम्पनीहरूलाई प्रदान गरेको शाखा कार्यालय स्वीकृती संख्या | १९ |
| ९ | बीमा कम्पनीहरूलाई प्रदान गरेको उपशाखा स्वीकृती संख्या | १० |
| १० | बीमा कम्पनीहरूलाई प्रदान गरेको सम्पर्क कार्यालय स्वीकृती संख्या | १३ |
| ११ | प्राधिकरणबाट व्यक्तिगत बीमा अभिकर्ता इजाजत प्रदान संख्या | ३५४४ |
| १२ | प्राधिकरणबाट संस्थागत बीमा अभिकर्ता इजाजत प्रदान संख्या | ५ |
| १३ | प्राधिकरणबाट व्यक्तिगत बीमा सर्भेयर इजाजत प्रदान संख्या | ८ |
| १४ | प्राधिकरणबाट संस्थागत बीमा सर्भेयर इजाजत प्रदान संख्या | ३ |
| १८ | बीमा कम्पनीहरूबाट भुक्तानी भएको दाबी संख्या | २२६२२२ |
| १९ | बीमा कम्पनीहरूबाट भुक्तानी भएको दाबी रकम (रू लाखमा) | २४२६७५.४२ |
| २० | बीमा कम्पनीहरूबाट भुक्तानी हुन बाँकी दाबी संख्या | ११४७५५ |
| २१ | बीमा कम्पनीहरूबाट भुक्तानी हुन बाँकी दाबी रकम (रू लाखमा) | ३१६७१० |
| २३ | बीमाको पहुँच | ४३.०५% |

## निर्जीवन बीमा दाबी भुक्तानी सम्बन्धी व्यवस्था

- निर्जीवन बीमा गर्ने बीमितले बीमालेख बमोजिमको दाबी गर्नुपर्ने भएमा तत्सम्बन्धी सम्पूर्ण विवरणहरु खुलाई बीमक समक्ष निवेदन दिनु पर्दछ ।
- निर्जीवन बीमाको दाबी भुक्तानीका लागि बीमितबाट निवेदन प्राप्त भएपछि बीमकले त्यस सम्बन्धमा आवश्यक जाँचबूझ गर्नु परेमा तुरुन्त बीमा सर्भेयर खटाउनु पर्दछ ।
- खटिएको बीमा सर्भेयरले आवश्यक जाँचबूझ गरी १५ दिनभित्र बीमकको दायित्व निर्धारण गरी त्यसको विस्तृत विवरण समेतको प्रतिवेदन बीमक समक्ष पेश गर्नु पर्दछ । प्रतिवेदनमा बीमकबाट बीमालेखको शर्त बमोजिम बीमितले पाउन सक्ने रकम समेत उल्लेख गरिएको हुनु पर्दछ ।
- सर्भेयरले प्रतिवेदन पेश गरेको मितिले साधारणतया ३५ दिनभित्र बीमकले दायितव ठहर गरी बीमितलाई निर्जीवन बीमाको दाबी रकम भुक्तानी गर्नु पर्दछ ।

## सिन्धुपाल्चोक जिल्लामा विद्यार्थीहरुसँग बीमा सम्बन्धी छलफल

# विद्यालयस्तरीय पाठ्यक्रममा बीमा विषय समावेश गर्नका लागि पहल गर्न आग्रह

नेपाल बीमा प्राधिकरणको आयोजनामा बागमती प्रदेशको सिन्धुपाल्चोक जिल्लाका प्रगति माध्यमिक विद्यालय, मेलम्ची, सरस्वती माध्यमिक विद्यालय, हेलम्बु र थाङपाल भ्याली उच्च माध्यमिक विद्यालय, पाँचपोखरीमा माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूसँग यही २०८० साल पुसमा बीमा सम्बन्धी छलफल कार्यक्रम सम्पन्न भएको छ ।

**प्रगति माध्यमिक विद्यालय**मा भएको कार्यक्रममा प्रधानाध्यापक ऋषिराम नेपालले विद्यालयको पाठ्यक्रममा बीमा सम्बन्धी सामान्य जानकारी भए पनि नेपाल बीमा प्राधिरणबाट बीमा सम्बन्धी समग्र विषयमा प्राप्त ज्ञान विद्यार्थीहरूका लागि महत्वपूर्ण भएको बताउनुभयो । साथै, उहाँले विद्यालयको पाठ्यक्रममा बीमा विषय समावेश गर्नका लागि पहल गर्न प्राधिकरणसँग आग्रह गर्नुभयो ।

**सरस्वती माध्यमिक विद्यालय**मा भएको कार्यक्रममा शिक्षक सीताराम ढकालले बीमा सम्बन्धी जानकारीमूलक कार्यक्रम आयोजना गरी बीमा सम्बन्धी आधिकारिक जानकारी दिएकोमा प्राधिकरणप्रति आभार प्रकट गर्नुभयो ।

**थाङ्पाल भ्याली उच्च माध्यमिक विद्यालय**मा आयोजित कार्यक्रममा प्रधानाध्यापक विजय तामाङ्गले बीमा सम्बन्धी कार्यक्रम विद्यार्थीहरूका लागि मात्र नभई शिक्षकहरूका लागि समेत महत्वपूर्ण रहेको बताउनुभयो ।

ती कार्यक्रममा नेपाल बीमा प्राधिकरणका उपनिर्देशक कुन्दन सापकोटाले विद्यार्थीहरूसँग गरिएको बीमा सम्बन्धी छलफल कार्यक्रम समाजमा बीमा सम्बन्धी चेतना फैलाउन महत्वपूर्ण सावित हुने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रमहरूमा सम्बन्धित विद्यालयका शिक्षक, कर्मचारी र माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूको सहभागिता रहेको थियो ।

## चितवनका दुग्ध उत्पादक सहकारी सङ्घसँग बीमा सम्बन्धी अन्तर्क्रिया

# सहकारी संस्थाबाट गरिने सिफारिशलाई बीमकहरूले मान्यता दिने व्यवस्था गर्न आग्रह

नेपाल बीमा प्राधिकरणको आयोजनामा यही २०८० साल मङ्सीर २५ गते चितवनमा चितवन जिल्ला दुग्ध उत्पादक सहकारी सङ्घसँग बीमा सम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा सहकारी संस्थाका पदाधिकारीहरूले पशुबीमा प्रक्रिया झण्झटिलो रहेको र दाबी भुक्तानीमा ढिलाई हुने गरेका कारण बीमा गर्न कृषकहरु उत्साहित हुने वातावरण नबनेको लगायतका गुनासाहरु व्यक्त गर्नुभएको थियो ।

साथै, बीमा गरिएका पशुको क्षति हुँदा प्रमाणका रूपमा भिडियो र फोटो बुझाउनुपर्ने व्यवस्थामा सहजता ल्याउन, सहकारी संस्थाबाट गरिने सिफारिशलाई बीमकहरूले मान्यता दिने व्यवस्था गर्न, कृषकहरु निर्धक्कसँग स्वतःस्फूर्त रूपमा बीमा गर्न आउने वातावरण बताउन समेत उहाँहरूले आग्रह गर्नुभएको थियो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका उपनिर्देशक निर्मल अधिकारीले कृषि तथा पशुपन्छी बीमालाई प्रभावकारी रूपले अगाडि बढाउन र सीमित कागजातका आधारमा दाबी भुक्तानीलाई छिटोछरितो बनाउन प्राधिकरणले सहजीकरण गर्दै जाने बताउनुभयो ।

कार्यक्रममा चितवन जिल्ला दुग्ध उत्पादक सहकारी सङ्घका पदाधिकारी लगायत दुग्ध उत्पादक कृषकहरूको सहभागिता रहेको थियो ।

# प्रादेशिक कार्यालयका गतिविधि

## कोशी प्रदेशस्थित स्थानीय तहहरुसँग बीमा सम्बन्धी अन्तर्क्रिया

## 'बीमाप्रतिको विश्वास बढाउन दाबी भुक्तानी सरल र सहज हुनु आवश्यक छ'

नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयको आयोजनामा यही २०८० साल मङ्सीरमा कोशी प्रदेशका तेह्रथुम जिल्लाको म्याङ्लुङ नगरपालिका, भोजपुर जिल्लाको अरुण गाउँपालिका र सङ्खुवासभा जिल्लाको चैनपुर नगरपालिका तथा पुसमा मोरङ्ग जिल्लाको सुनवर्षी नगरपालिका र सुनसरी जिल्लाको गढी गाउँपालिकासँग बीमा सम्बन्धी जानकारीमूलक अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।



म्याङलुङ नगरपालिकासँग आयोजित कार्यक्रमका सहभागीहरु

**म्याङलुङ नगरपालिका**सँग मङ्सीर १३ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि म्याङ्लुङ नगरपालिकाका प्रमुख संजय कुमार तुम्वाहाङ्फेले बीमाको दायरा बढाउनका लागि बीमा कम्पनीहरूले बीमा दाबी भुक्तानी सरल एवम् सहज बनाई बीमाप्रतिको विश्वासनीयता बढाउनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

उहाँले बीमा क्षेत्रको विकास एवम् विस्तारका लागि आवश्यक सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

**अरूण गाउँपालिका**मा मङ्सीर १४ गते भएको कार्यक्रममा प्रमुख अतिथि अरुण गाउँपालिकाका अध्यक्ष शालिकराम खत्रीले बीमाको पहुँच विस्तारका लागि आवश्यक पहल गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

**चैनपुर नगरपालिका**मा मङ्सीर १५ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि चैनपुर नगरपालिकाका प्रमुख कृष्ण कुमार तामाङले बीमा मार्फत बीमा कम्पनीहरुमा जोखिम हस्तान्तरण गरी आर्थिक सुरक्षण गर्न सकिने कुरालाई सबैले बुझेर समयमैं जीवन तथा सम्पत्तिको बीमा गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

**सुनवर्षी नगरपालिका**सँग आयोजित कार्यक्रममा सुनवर्षी नगरपालिकाका प्रमुख श्याम प्रसाद राजबंशीले बीमाप्रतिको विश्वास बढाउन दाबी भुक्तानी सरल र सहज हुनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

**गढी गाउँपालिका**सँग भएको कार्यक्रममा गढी गाउँपालिकाका अध्यक्ष आश नाराण चौधरीले कार्यक्रमबाट बीमा सम्बन्धी समग्र विषयका साथै बीमाको विकास एवम् विस्तारमा सरोकारवालाहरूको भूमिकाका बारेमा समेत जानकारी पाएको बताउनुभयो ।

ती कार्यक्रममा नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयका प्रमुख विनोद कुमार पोखरेलले बीमाको महत्व, बीमा गर्ने विधि, दाबी भुक्तानी प्रक्रिया, बीमा क्षेत्रको विकास तथा दायर विस्तारमा स्थानीय सरकारको भूमिका लगायतका विषयहरूमा प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रमहरूमा सहभागीहरूले बीमा कम्पनीहरूले बीमालेख जारी गर्नुभन्दा अगाडि बीमादाबी गर्दा आवश्यक पर्ने कागजातका बारेमा समेत सही जानकारी दिनुपर्ने, रूद्राक्ष व्यवसायको प्रवर्द्धनमा मद्दत पुग्ने गरी रूद्राक्ष बीमालेख ल्याउनुपर्ने, दाबी भुक्तानी सरल एवम् सहज हुनुपर्ने लगायतका धारणा राख्नुभएको थियो ।

कार्यक्रमहरूमा सम्बन्धित स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरु, अगुवा कृषक, व्यवसायी, बैङ्क, बीमा कम्पनी र वित्तीय संस्थाका प्रतिनिधि र संचारकर्मीहरु लगायतको सहभागिता रहेको थियो ।

## कृषि तथा लघुबीमा सम्बन्धी अन्तर्क्रिया

नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयको आयोजनामा यही २०८० साल पुस २२ गते सुनसरी जिल्लाको रामधुनी नगरपालिकामा कृषि तथा लघुबीमा सम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा सहभागीहरूले कृषि बीमा क्षति मूल्याङ्कनकर्ताले क्षतिग्रस्त सम्पत्तिको मूल्याङ्कनमा ढिलाई गर्ने गरेका कारण कृषकहरूले अनावश्यक सास्ती खेप्नु परेको, बीमा गरिएका पशु मरेको अवस्थामा स्थानीय तहबाट सो सम्बन्धी सिफारिश पाउन कठिन हुने गरेको, दाबी भुक्तानी नपाउने गरेको, कृषकको वास्तविक आम्दानीलाई बेवास्ता गरी बीमालेख ल्याइएको लगायतका गुनासाहरु गर्नुभएको थियो ।

## मधेश प्रदेशस्थित स्थानीय तहहरूसँग बीमा सम्बन्धी अन्तर्क्रिया

# बीमा सम्बन्धी चेतनाको कमीका कारण मधेश प्रदेशमा बीमाको दायरा न्यून

नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयको आयोजनामा यही २०८० साल मङ्सीरमा मधेश प्रदेशको महोत्तरी जिल्लाका औरही नगरपालिका र सम्सी गाउँपालिका तथा बारा जिल्लाको देवताल गाउँपालिका र पुसमा रौतहट जिल्लाको बौधीमाई नगरपालिका, सप्तरी जिल्लाको महादेवा गाउँपालिका तथा सिरहा जिल्लाको सुखीपुर नगरपालिकासँग बीमा सम्बन्धी जानकारीमूलक अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

**औरही नगरपालिका**सँग मङ्सीर २० गते आयोजित अन्तर्क्रिया कार्यक्रममा प्रमुख अतिथि औरही नगरपालिकाका प्रमुख प्रदिप कुमार खड्काले बीमाप्रतिको विश्वास बढाउनका लागि बीमा कम्पनीहरूले सेवालाई चुस्त र दाबी भुक्तानीलाई छिटोछरितो बनाउनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

**सम्सी गाउँपालिका**सँग मङ्सीर २१ गते भएको कार्यक्रममा सम्सी गाउँपालिकाका अध्यक्ष राम नाथ यादवले गाउँपालिकाको आगामी बजेटमा बीमा शीर्षकमा बजेट विनियोजन गर्ने जानकारी दिनुभयो ।

**देवताल गाउँपालिका**सँग मङ्सीर २८ गते आयोजित कार्यक्रममा देवताल गाउँपालिकाका अध्यक्ष उदय प्रसाद यादवले बीमामार्फत बीमा कम्पनीमा जोखिम हस्तान्तरण भई आर्थिक सुरक्षण हुने भएकाले आफू, आफ्नो परिवारका सदस्य, घर, सम्पत्ति र कृषिबाली तथा पशुपन्छीको बीमा गर्न सबैसँग आग्रह गर्नुभयो ।

**बौधीमाई नगरपालिका**सँग पुस ५ गते भएको अन्तर्क्रिया कार्यक्रममा प्रमुख अतिथि बौधीमाई नगरपालिकाका प्रमुख प्रदीप कुमार यादवले बीमामार्फत सानो रकमबाट ठूला जोखिमको आर्थिक रक्षावरण हुने भएकाले सबैले आफू, आफ्नो परिवारका सदस्य र घर, सम्पत्तिको बीमा गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

**महादेवा गाउँपालिका**सँग पुस २० गते आयोजित कार्यक्रममा प्रमुख अतिथि महादेवा गाउँपालिकाका अध्यक्ष सुनिल कुमार मंडलले बीमा सम्बन्धी चेतनाको कमीका कारणले मधेश प्रदेशमा बीमाको दायरा न्यून रहेकाले बीमा साक्षरता अभिवृद्धिका लागि गाउँपालिकाले पहल गर्ने बताउनुभयो ।

**सुखीपुर नगरपालिका**सँग पुस २३ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि सुखीपुर नगरपालिकाका प्रमुख राम औतार यादवले आम्दानीको केही रकम छुट्याएर बीमा गर्न नगरवासीलाई आग्रह गर्नुहुँदै बीमाको दायरा विस्तारका लागि नगरपालिकाले आवश्यक कार्य गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रमहरूमा नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयका प्रमुख कुसुम शर्माले सरकारी भौतिक संरचना र विपन्न नागरिकको बीमा गरेर बीमा अभियान शुरु गर्न स्थानीय तहहरूलाई सुझाव दिनुभयो ।

ती कार्यक्रमहरूमा सम्बन्धित स्थानीय तहका जनप्रतिनिधि र कर्मचारी, अगुवा कृषक, नागरिक समाजका प्रतिनिधि, बीमा कम्पनीका प्रतिनिधि र अन्य सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

## गण्डकी प्रदेशस्थित स्थानीय तहहरूसँग बीमा सम्बन्धी अन्तर्क्रिया

# आगामी आ.व. को नीति तथा कार्यक्रममा बीमालाई समावेश गर्ने प्रतिवद्धता

नेपाल बीमा प्राधिकरण, गण्डकी प्रदेश कार्यालयको आयोजना यही २०८० साल मङ्सीरमा गण्डकी प्रदेशको पर्वत जिल्लास्थित मोदी गाउँपालिका तथा फलेवास नगरपालिका र पुसमा लमजुङ जिल्लास्थित मर्स्याङ्दी गाउँपालिका र बेसीशहर नगरपालिकासँग बीमा सम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

**मोदी गाउँपालिका**सँग मङ्सीर १८ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि मोदी गाउँपालिकाका अध्यक्ष हिरादेवी शर्माले बीमा सम्बन्धी जानकारीमूलक कार्यक्रमको आयोजनाबाट नागरिकमा बीमा सम्बन्धी सचेतना बढ्ने र बीमाको दायरा बढाउन सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

**फलेवास नगरपालिका**सँग मङ्सीर १९ गते भएको कार्यक्रममा प्रमुख अतिथि फलेवास नगरपालिकाका प्रमुख गंगाधर तिवारीले बीमा सम्बन्धी जानकारीमूलक कार्यक्रम आयोजना गरी बीमाको महत्व र आवश्यकता लगायत समग्र विषयमा जानकारी दिएकोमा प्राधिकरणप्रति आभार प्रकट गर्नुभयो ।

**मर्स्याङ्दी गाउँपालिका**सँग पुस ३ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङले गाउँपालिकाको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा बीमालाई समावेश गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

**बेसीशहर नगरपालिका**सँग पुस ४ गते भएको कार्यक्रममा प्रमुख अतिथि बेसीशहर नगरपालिकाका प्रमुख गुमान सिंह अर्यालले जीवन तथा सम्पत्तिमा आइपर्नसक्ने जोखिम बीमा कम्पनीमा हस्तान्तरण गरी आर्थिक सुरक्षण गर्न बीमा गर्नु आवश्यक भएको बताउनुभयो ।

नेपाल बीमा प्राधिकरण, गण्डकी प्रदेश कार्यालयका प्रमुख केशव प्रसाद दाहालको अध्यक्षतामा भएका ती कार्यक्रममा सम्बन्धित स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरू तथा सरोकारवाला निकाय र संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

## लुम्बिनी प्रदेशस्थित स्थानीय तहहरूसँग बीमा सम्बन्धी अन्तरक्रिया

### विपन्न बर्गको आर्थिक सुरक्षण गर्नेगरी बीमा नीति ल्याउने प्रतिवद्धता

नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयको आयोजनामा २०८० साल मङ्सीरमा लुम्बिनी प्रदेशको रोल्पा जिल्लाका त्रिवेणी गाउँपालिका र माडी गाउँपालिका तथा पुसमा प्यूठान जिल्लाका मल्लरानी गाउँपालिका र प्यूठान नगरपालिकासँग बीमा सम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

**त्रिवेणी गाउँपालिका**मा मङ्सीर १० आयोजित कार्यक्रममा प्रमुख अतिथि त्रिवेणी गाउँपालिकाका अध्यक्ष कर्णबहादुर बाँठामगरले गाउँपालिकाको भौगोलिक अवस्थालाई ध्यानमा राखेर नेपाल बीमा प्राधिकरण र बीमकहरूसँग सहकार्य गरी बीमा नीति तर्जूमा गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

उहाँले पालिकाले कृषि तथा पशुपन्छी बीमामा थप १० प्रतिशत अनुदान दिएको जानकारी दिनुहुँदै बीमकहरूको अनुपस्थितिका कारण कृषि तथा पशुपन्छी र अन्य बीमा गर्न कठिन भएको बताउनुभयो ।

**माडी गाउँपालिका**मा मङ्सीर ११ गते भएको कार्यक्रममा प्रमुख अतिथि माडी गाउँपालिकाका अध्यक्ष अमर सिंह घर्तीमगरले विपन्न बर्गको आर्थिक सुरक्षण गर्नेगरी बीमा नीति ल्याउने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

उहाँले बीमा दाबी भुक्तानीमा ढिलाई हुने गरेको र कृषि तथा पशुपन्छी बीमामा जटिलता रहेको बताउनुभयो ।

**मल्लरानी गाउँपालिका**मा पुस १२ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि मल्लरानी गाउँपालिकाका अध्यक्ष कृष्ण बहादुर खड्काले नेपाल बीमा प्राधिकरणसँग प्राविधिक सहयोग लिएर बीमा नीति बनाई बीमाको पहुँच विस्तारमा जोड दिने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

**प्यूठान नगरपालिका**मा पुस १२ गते नै भएको कार्यक्रममा प्यूठान नगरपालिकाका प्रमुख विष्णु बहादुर योगीले बीमा क्षेत्रको विकास एवम् विस्तारका लागि नेपाल बीमा प्राधिकरण, बीमा कम्पनी र नगरपालिका सहकार्यका साथ अगाडि बढ्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

ती कार्यक्रमहरूमा नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयका प्रमुख पूर्ण बहादुर थापाले बीमाको परिचय, महत्व, बीमा बजारको विद्यमान अवस्था र बीमाको विकास एवम् विस्तारका लागि स्थानीय तहको भूमिका सम्बन्धी प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रमहरूमा सहभागीहरूले बीमा कम्पनीहरूले कृषि तथा पशुपन्छी बीमा गर्न नमानेको, कृषि बीमा अभिकर्ताहरू पर्याप्त सङ्ख्यामा नहुँदा बीमा गर्न समस्या देखिएको, कृषि बीमा दाबी भुक्तानी पाउन निकै गाह्रो भएको, प्राधिकरणले जिल्ला तोकेका बीमा कम्पनीले कृषि तथा पशुन्छी बीमा गर्न जिल्लामा शाखा कार्यालय स्थापना नगरेको लगायतका गुनासाहरू व्यक्त गर्नुभएको थियो ।

ती कार्यक्रममा सम्बन्धित स्थानीय तहका जनप्रतिनिधि र कर्मचारी, बुद्धिजीवि, बीमा कम्पनीका प्रतिनिधिहरू लगायतको सहभागिता रहेको थियो ।

## विद्यालयमा बीमा सचेतना कार्यक्रम

### विद्यालयका पाठ्यक्रममा बीमा विषय समावेश गर्न आग्रह

नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयको आयोजनामा यही २०८० साल मङ्सीर २५ गते कपिलवस्तु जिल्लाको कपिलवस्तु नगरपालिकाको जगदिशपुरस्थित कनकमुनि माध्यमिक विद्यालयमा बीमा सम्बन्धी सचेतनामूलक अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख अतिथि कनकमुनि माध्यमिक विद्यालयका प्रधानाध्यापक अफाक अहमद खाँनले बीमाले जोखिम विरुद्ध आर्थिक सुरक्षण गर्ने भएकाले मानव जीवन र सम्पत्तिको बीमा गर्नु आवश्यक छ भन्ने कुराको जानकारी गाउँ गाउँमा फैलाउन आवश्यक भएको बताउनुभयो ।

उहाँले विद्यालयस्तरमा गरिने बीमा सम्बन्धी जानकारीमूलक कार्यक्रमले बीमा सम्बन्धी सचेतना अभिवृद्धिमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा सहभागीहरूले विद्यालयका पाठ्यक्रममा बीमा विषय समावेश गर्न पहल गर्नुपर्ने, बीमाप्रतिको विश्वास बढाउनका लागि बीमा कम्पनीहरूले दाबी भुक्तानी समयमा नै दिनुपर्ने लगायतका धारणा राख्नुभएको थियो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयका सहायक निर्देशक मोहम्मद दिल्दार अन्सारीले बीमा सम्बन्धी प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रममा विद्यालयका शिक्षक, कक्षा ११ र १२ का विद्यार्थी, बीमा कम्पनीका प्रतिनिधि लगायतको सहभागिता रहेको थियो ।

## कर्णाली प्रदेशस्थित स्थानीय तहहरूसँग बीमा सम्बन्धी अन्तर्क्रिया

### घरबीमा कार्यक्रम छिट्टै लागू गर्ने कर्णाली प्रदेश सरकारको प्रतिवद्धता

नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयको आयोजनामा यही २०८० साल मङ्सीरमा कर्णाली प्रदेशको जाजरकोट जिल्लाको कुशे गाउँपालिका र नलगाड नगरपालिका तथा रूकुम -पश्चिम) जिल्लाको सानीभेरी गाउँपालिकासँग बीमा सम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

**नलगाड नगरपालिका**मा मङ्सीर १९ गते भएको कार्यक्रममा प्रमुख अतिथि कर्णाली प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्री कृष्ण बहादुर जी.सी. ले कर्णाली प्रदेश सरकारले नागरिकहरूको प्राकृतिक प्रकोप दुर्घटना बीमा गरेका कारण हालैको भूकम्पबाट मृत्यु भएका व्यक्तिका हकवालाहरूले बीमा दाबी भुक्तानी पाएको बताउनुभयो ।

साथै, उहाँले नागरिकहरूको घरको बीमा गरी आर्थिक सुरक्षण गर्नका लागि छिट्टै घरबीमा कार्यक्रम लागू गरिने जानकारी दिनुभयो ।

नलगाड नगरपालिकाका प्रमुख डम्बर बहादुर रावतले बीमा सम्बन्धी सचेतना अभिवृद्धिका लागि आगामी दिनमा नेपाल बीमा प्राधिकरणसँग सहकार्य गरेर अगाडि बढ्ने बताउनुभयो ।

**कुशे गाउँपालिका**मा मङ्सीर ३० गते आयोजित कार्यक्रममा प्रमुख अतिथि कुशे गाउँपालिकाका अध्यक्ष हरिचन्द्र बस्नेतले कर्णाली प्रदेश सरकारले नागरिकहरूको प्राकृतिक प्रकोप दुर्घटना बीमा गरेबाट गत कात्तिक १७ को भूकम्पमा परी ज्यान गुमाएका परिवारले प्रति मृतक रु दुई लाखका दरले बीमा दाबी भुक्तानी पाएको जानकारी दिनुभयो ।

उहाँले नागरिकको जीवन तथा सम्पत्तिको बीमा गरी आर्थिक सुरक्षण गर्नका लागि गाउँपालिकाले पनि बीमा सम्बन्धी नीति तथा कार्यक्रम लागू गर्ने बताउनुभयो ।

कुशे गाउँपालिकाका उपाध्यक्ष देविका कुमारी सिंहले सर्वसाधारणले समेत बुझ्ने गरी गाउँ गाउँमा बीमा सचेतना फैलाउनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

सानीभेरी गाउँपालिकामा मङ्सीर २० गते आयोजित कार्यक्रममा प्रमुख अतिथि कर्णाली प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्री कृष्ण बहादुर जी.सी. ले भौगोलिक विकटता, गरिबी र विभिन्न जोखिमका आधारमा अन्य प्रदेशको तुलनामा कर्णाली प्रदेशमा जोखिम अधिक रहेकाले प्रदेश सरकारले बीमा मार्फत नागरिकको जीवन तथा सम्पत्तिको आर्थिक सुरक्षणका लागि काम गर्दै आएको बताउनुभयो ।

**सानीभेरी गाउँपालिका**का अध्यक्ष विर्ख बहादुर विष्टले प्रदेश सरकारले चालू आर्थिक वर्षको बजेट मार्फत ल्याएको घरबीमा कार्यक्रमलाई जतिसक्दो छिटो कार्यान्वयनमा ल्याउन आग्रह गर्नुभयो ।

ती कार्यक्रममा नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयका प्रमुख पदम प्रसाद सोडारीले बीमा क्षेत्रमा देखिएका विकृति एवम् विसङ्गतीलाई नियन्त्रण गर्दै बीमितको हक हित संरक्षण गर्न प्राधिकरण प्रतिवद्ध रहेको बताउनुभयो ।

## सुदूरपश्चिम प्रदेशका स्थानीय तहहरूसँग बीमा सम्बन्धी अन्तर्क्रिया

### जीवन तथा सम्पत्तिको बीमा गर्नका लागि प्रोत्साहन गर्न आवश्यक व्यवस्था गर्ने प्रतिवद्धता

नेपाल बीमा प्राधिकरण, सुदूरपश्चिम प्रदेश कार्यालयको आयोजनामा यही २०८० साल मङ्सीरमा सुदूरपश्चिम प्रदेशको बाजुरा जिल्लास्थित बडीमालिका नगरपालिका र बुढीनन्दा नगरपालिका तथा पुसमा अछाम जिल्लाका मङ्गलसेन नगरपालिका र कमलबजार नगरपालिकासँग बीमा सम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

**बडीमालिका नगरपालिका**मा मङ्सीर १९ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि बडीमालिका नगरपालिकाका प्रमुख अमर खड्काले नगरवासीलाई जीवन तथा घर सम्पत्तिको बीमा गर्नका लागि प्रोत्साहन गर्नका लागि नगरपालिकाले आवश्यक व्यवस्था गर्ने जानकारी दिनुभयो ।

**बुढीनन्दा नगरपालिका**मा मङ्सीर २० गते भएको कार्यक्रममा बुढनन्दा नगरपालिकाका प्रमुख जनक कुमार बोहराले बीमा क्षेत्रको विकास र बीमाको पहुँच अभिवृद्धिका लागि आवश्यक व्यवस्था गर्ने बताउनुभयो ।

**मङ्गलसेन नगरपालिका**मा पुस २ गते आयोजित कार्यक्रममा मङ्गलसेन नगरपालिकाका प्रमुख पदम बहादुर बोहराले बीमा सम्बन्धी नीतिगत व्यवस्था गरी जीवन तथा सम्पत्तिको बीमा गर्न प्रोत्साहन गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

**कमलबजार नगरपालिका**मा पुस २ गते भएको कार्यक्रममा प्रमुख अतिथि कमलबजार नगरपालिकाका प्रमुख यज्ञ प्रसाद ढकालले बीमा मार्फत बीमा कम्पनीहरूमा जोखिम हस्तान्तरण गरी आर्थिक सुरक्षण गर्नका लागि नगरवासीहरूलाई जीवन तथा घर सम्पत्तिको बीमा गर्न प्रोत्साहन गर्न आवश्यक व्यवस्था गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

ती कार्यक्रमहरूमा नेपाल बीमा प्राधिकरण, सुदूरपश्चिम प्रदेश कार्यालयका प्रमुख हृदयश्वर पण्डितले स्थानीय सरकारले बीमा सम्बन्धी नीति निर्माण गरी सामाजिक सुरक्षा र विपद्को व्यवस्थापन गर्न सक्ने मोडालिटीका सम्बन्धमा प्रस्तुती गर्नुभएको थियो ।

सङ्क्षिप्त समाचार

### IRMIS सम्बन्धी मार्गदर्शन, २०८०

नेपाल बीमा प्राधिकरणले बीमा नियमन व्यवस्थापन सूचना प्रणाली (Insurance Regulatory Management Information System-IRMIS) सम्बन्धी मार्गदर्शन, २०८० स्वीकृत गरेको छ । प्राधिकरण र बीमकका तथ्याङ्क व्यवस्थापन एवम् कामलाई प्रभावकारी तथा पारदर्शी बनाउन प्राधिकरणले मिति २०८० साल मङ्सीर १३ गते तुरुन्त प्रारम्भ हुने गरी IRMIS सम्बन्धी मार्गदर्शन स्वीकृत गरेको हो ।

### IRMIS सम्बन्धी मार्गदर्शन, २०८० का विशेषताहरू :

१. प्राधिकरण र बीमकले बीमा व्यवसायसँग सम्बन्धित सूचना तथा तथ्याङ्क आदानप्रदान IRMIS पोर्टलको माध्यमबाट गर्नुपर्ने ।

२. प्राधिकरणले आफ्ना कर्मचारी तथा बीमकबाट पोर्टल चलाउन अधिकारप्राप्त कर्मचारीहरूका लागि छुट्टाछुट्टै Login ID को व्यवस्था गर्नुपर्ने ।

३. बीमकले IRMIS पोर्टलको प्रयोगका लागि तथ्याङ्क Entry गर्ने, तथ्याङ्क Check गर्ने तथा तथ्याङ्क प्रमाणीकरण गर्ने गरी तीन तहको प्रयोगकर्ताको व्यवस्था गर्नुपर्ने ।

४. प्राधिकरणमा पठाएको तथ्याङ्कको प्रतिलिपि बीमकले सुरक्षित रूपमा अभिलेख गरी राख्नुपर्ने ।

५. IRMIS पोर्टलको प्रयोगका लागि प्राधिकरणले ग्कभच :बलगभा िको व्यवस्था गर्ने ।

### खेलकुद बीमालेख

नेपाल बीमा प्राधिकरणले खेलकुदका क्रममा हुनसक्ने दुर्घटनाका कारण सिर्जना हुने आर्थिक जोखिमको रक्षावरण गर्नका लागि 'खेलकुद बीमालेख' स्वीकृत गरेको छ ।

प्राधिकरणले मिति २०८० साल मङ्सीर १३ गते स्वीकृत गरेको खेलकुद बीमालेख बमोजिम बीमा कम्पनीहरूले खेलाडीहरूको बीमा गर्नुपर्नेछ ।

### खेलकुद बीमालेखका विशेषताहरू :

१. खेलकुदका क्रममा भएको दुर्घटनाको प्रत्यक्ष कारणबाट बीमितको मृत्यु भएमा वा दुर्घटना भएको १८३ दिनभित्र मृत्यु भएमा क्षतिपूर्ति स्वरूप बीमकले शतप्रतिशत बीमाङ्क प्रदान गर्ने ।

२. दुर्घटनाबाट बीमितको मृत्यु भएमा बीमितको पार्थिव शरीरको परिवहन तथा व्यवस्थापन गर्न बीमाङ्कको अतिरिक्त थप हुनेगरी बीमाङ्कको १० प्रतिशत वा रु २५ हजारमध्ये जुन कम हुन्छ, सोही बराबरको रकम बीमकले प्रदान गर्ने ।

३. दुर्घटनाबाट बीमितको मृत्यु भएमा बीमकले बीमाङ्कको अतिक्ति थप हुनेगरी बीमाङ्कको १० प्रतिशत वा रु ५० हजारमध्ये जुन कम हुन्छ, सोही बराबरको रकम काज किरिया खर्च वापत प्रदान गर्ने ।

४. बीमा गरिएको अवधिभित्र दुर्घटनाको कारणले बीमित दुर्घटना भएको मितिदेखि एकसय त्रियासी दिनभित्र स्थायी पूर्ण अशक्त भएमा अशक्तताको अवस्था अनुसार न्यूनतम १० प्रतिशतदेखि अधिकतम शतप्रतिशत क्षतिपूर्ति बीमकले प्रदान गर्ने ।

५. दुर्घटनाका कारण बीमित अस्थायी पूर्ण अशक्त भई पेशा व्यवसाय गर्न पूर्णरूपमा असक्षम भएमा बीमाङ्कको सीमाभित्र रहने गरी छ महिनासम्म बीमकले प्रति महिना बीमाङ्कको पाँच प्रतिशत वा मासिक २० हजारमध्ये जुन कम हुन्छ, सोही बराबरको रकम उपलब्ध गराउने ।

६. दुर्घटनाका कारणबाट बीमितको औषधोपचार गर्दा खर्च भएमा बीमकले बीमाङ्कको अतिरिक्त थप हुनेगरी बीमाङ्कको २५ प्रतिशत वा रु तीन लाखमध्ये जुन रकम कम हुन्छ, सोही बराबरको रकम बिल भपाई अनुसार शोधभर्ना दिने ।

७. खेलकुद बीमालेख एक वर्ष वा सोभन्दा कम अवधिको हुने । बीमकले सात दिनभन्दा कम अवधि राखेर खेलकुद बीमालेख जारी गर्न नहुने ।

८. छोटो अवधिको खेलकुद बीमालेखका लागि लाग्ने बीमादर अवधि अनुसार कायम गरिएको छ । जसअनुसार, ७ दिनका लागि वार्षिक बीमाशुल्कको १० प्रतिशत, ८ देखि ३० दिनसम्मका लागि वार्षिक बीमाशुल्कको २५ प्रतिशत, ३१ दिनदेखि ९० दिनसम्मका लागि वार्षिक बीमाशुल्कको ४० प्रतिशत, ९१ दिनदेखि १८३ दिनसम्मका लागि वार्षिक बीमाशुल्कको ६० प्रतिशत, १८४ दिनदेखि ३६५ दिनसम्मका लागि शतप्रतिशत बीमादर कायम गरिएको छ ।

९. खेलकुद बीमालेख अन्तर्गत दाबीयोग्य कुनै दुर्घटना भएमा त्यस्तो दुर्घटना भएको मितिले ३५ दिनभित्र बीमकलाई जानकारी गराउनुपर्ने ।

१०. बीमित वा बीमालेख धारकबाट पूरा कागजात प्राप्त भएको मितिले

बढीमा ३५ दिनभित्र बीमकले बीमा दाबी भुक्तानी गर्ने ।

### दलहन बाली बीमालेख

नेपाल बीमा प्राधिकरणले दलहन बालीमा हुने क्षति विरूद्ध आर्थिक रक्षावरणका लागि बीमा गर्न उत्पादनमा आधारित 'दलहन बाली बीमालेख' स्वीकृत गरेको छ । प्राधिकरणले मिति २०८० साल मङ्सीर १३ गते स्वीकृत गरेको 'दलहन बाली बीमालेख' बमोजिम बीमकहरूले दलहन बालीको बीमा गर्नुपर्नेछ ।

### दलहन बाली बीमालेखका विशेषताहरू :

१. उत्पादनमा आधारित दलहन बाली बीमालेख अन्तर्गत बीमा गरिएको दलहन बालीमा बीमा अवधिभित्र अग्निजन्य वा आगलागी, हुरीबतास, आँधिबेहरी वा तुफान, अतिवृष्टि वा बेमौसमी वर्षा, असिना वा हिउँ, बाढी वा डुवान, खडेरी, तुसारो, भूकम्प, पहिरो वा भूस्खलन, चट्याङ, रोग, कीरा र जङ्गली जनावरका कारणबाट क्षति भएमा बीमकले क्षतिपूर्ति प्रदान गर्ने ।
२. दलहन बाली बीमा गर्ने कृषकको रु दुई लाखको दुर्घटना बीमा हुने ।
३. एउटा मात्र बीमकमा दलहन बालीको बीमा गर्नुपर्ने ।
४. बीमितले आफूले गरेको दलहन बालीको आङ्शिक वा पूर्ण स्वामित्व परिवर्तन वा हस्तान्तरण गरेको खण्डमा बीमकलाई ३० दिनभित्र जानकारी गराउनुपर्ने ।
५. दलहन बालीको बीमाशुल्क मुङ्ग, मास र गहत बालीको हकमा बीमाङ्क रकमको तीन प्रतिशत, चना, मसुरो, केराउ, बोडी, सिमी, भटमास र राजमा बालीको हकमा बीमाङ्क रकमको चार प्रतिशत र रहर बालीको हकमा बीमाङ्क रकमको पाँच प्रतिशतका दरले कायम हुने ।
६. दलहन बाली बीमालेखमा उल्लेख भएको दुर्घटना बीमा वापत बीमाशुल्क प्रति बीमित तीन सय रूपियाँ लाग्ने ।
७. बीमालेख जारी भइसकेपश्चात् बीमाङ्क रकम परिवर्तन गर्न नपाइने ।
८. दलहन बालीको बीमा सामूहिक रूपमा गर्न सकिने ।
९. दलहन बाली खेती सम्बन्धमा बीमितले सुरक्षण गर्न पाउने बालीको न्यूनतम क्षेत्रफल पहाडमा चार आना र तराईमा आधा कठ्ठा क्षेत्रफल हुनुपर्ने ।
१०. दलहन बालीको बीमालेख अन्तर्गत दाबी भुक्तानी योग्य रकमको १० प्रतिशत वा रु १० हजारमध्ये जुन कम हुन्छ, सो रकम घटाएर बीमकले बीमा दाबी भुक्तानी गर्ने ।

### पन्छी बीमालेख

नेपाल बीमा प्राधिकरणले पन्छी पालनमा हुने क्षति विरूद्ध आर्थिक रक्षावरणका लागि बीमा गर्न 'पन्छी बीमालेख' स्वीकृत गरेको छ । प्राधिकरणले मिति २०८० साल मङ्सीर १३ गते स्वीकृत गरेको पन्छी बीमालेख बमोजिम बीमकहरूले पन्छीको बीमा गर्नुपर्नेछ ।

### पन्छी बीमालेखका विशेषताहरू :

१. पन्छी बीमालेख अन्तर्गत बीमा गरिएका पन्छीमा बीमा अवधिभित्र अग्निजन्य वा आगलागी, हुरीबतास, आँधिबेहरी वा तुफान, अतिवृष्टि वा बेमौसमी वर्षा, असिना वा हिउँ, बाढी वा डुवान, खडेरी, तुसारो, भूकम्प, पहिरो वा भूस्खलन, चट्याङ, रोग, कीरा र जङ्गली जनावरका कारणबाट क्षति भएमा बीमकले क्षतिपूर्ति प्रदान गर्ने ।
२. पन्छी बीमा गर्ने कृषकको रु दुई लाखको दुर्घटना बीमा हुने ।
३. पन्छी बीमालेखको बीमाशुल्क ब्रोइलरको हकमा बीमाङ्क रकमको १.२५ प्रतिशत, लेयर्स/प्यारेन्ट, ग्राण्ड प्यारेन्ट, हाँस, टर्की, लौकाट, स्थानीय कुखुरा तथा अन्य घरायसी प्रयोजनका लागि पालिएका पन्छी हकमा बीमाङ्क रकमको ५ प्रतिशत कायम हुने ।
४. बीमा गरिने पन्छीको उत्पादन चक्र एक वर्षभन्दा बढी अवधिको भएमा एक वर्षपछि बाँकी अवधिका लागि बीमाशुल्क समानुपातिक दरले गणना गर्नुपर्ने ।
५. पन्छीको बीमा सामूहिक रूपमा गर्न सकिने ।
६. बीमकले पन्छीको बीमा दाबी भुक्तानी प्रक्रिया तत्काल प्रारम्भ गर्नुपर्ने ।

### आँप खेती बीमालेख

नेपाल बीमा प्राधिकरणले आँप खेतीमा हुने क्षति विरूद्ध आर्थिक रक्षावरणका लागि बीमा गर्न 'आँप खेती बीमालेख' स्वीकृत गरेको छ । प्राधिकरणले मिति २०८० साल मङ्सीर १३ गते स्वीकृत गरेको 'आँप खेती बीमालेख' बमोजिम बीमकहरूले आँप खेतीको बीमा गर्नुपर्नेछ ।

### आँप खेती बीमालेखका विशेषताहरू :

१. आँप खेती बीमालेख अन्तर्गत बीमा गरिएको आँप खेतीमा बीमा अवधिभित्र अग्निजन्य वा आगलागी, हुरीबतास, आँधिबेहरी वा तुफान, अतिवृष्टि वा बेमौसमी वर्षा, असिना वा हिउँ, बाढी वा डुवान, खडेरी, तुसारो, भूकम्प, पहिरो वा भूस्खलन, चट्याङ, रोग, कीरा र जङ्गली जनावरका कारणबाट क्षति भएमा बीमकले क्षतिपूर्ति प्रदान गर्ने ।
२. आँप खेती बीमा गर्ने कृषकको रु दुई लाखको दुर्घटना बीमा हुने ।
३. आँप खेती बीमालेख बमोजिम जारी हुने आँप खेतीको बीमाशुल्क लागतका आधारमा पाँच प्रतिशत र उत्पादनका आधारमा सात प्रतिशत कायम हुने ।

४. आँप खेतीको सामूहिक बीमा गर्न सकिने ।
५. आँप खेती बीमालेख अन्तर्गत कूल दाबीयोग्य रकमको १० प्रतिशत वा रु १० हजारमध्ये जुन कम हुन्छ, सो रकम घटाएर बीमकले दाबी भुक्तानी गर्ने ।

### ओखर खेती बीमालेख

नेपाल बीमा प्राधिकरणले ओखर खेतीमा हुने क्षति विरुद्ध आर्थिक रक्षावरणका लागि बीमा गर्न 'ओखर खेती बीमालेख' स्वीकृत गरेको छ । प्राधिकरणले मिति २०८० साल मङ्सीर १३ गते स्वीकृति गरेको 'ओखर खेती बीमालेख' बमोजिम बीमकहरूले ओखर खेतीको बीमा गर्नुपर्नेछ ।

### ओखर खेती बीमालेखका विशेषताहरू :

१. ओखर खेती बीमालेख अन्तर्गत बीमा गरिएको ओखर खेतीमा बीमा अवधिभित्र अग्निजन्य वा आगलागी, हुरीबतास, आँधिबेहरी वा तुफान, अतिवृष्टि वा बेमौसमी वर्षा, असिना वा हिउँ, बाढी वा डुवान, खडेरी, तुसारो, भूकम्प, पहिरो वा भूस्खलन, चट्याङ, रोग, कीरा र जङ्गली जनावरका कारणबाट क्षति भएमा बीमकले क्षतिपूर्ति प्रदान गर्ने ।
२. ओखर खेती बीमा गर्ने कृषकको रु दुई लाखको दुर्घटना बीमा हुने ।
३. ओखर खेतीको बीमा लागत र उत्पादनका आधारमा गर्न सकिने ।
४. बिजु विरुवाका हकमा ओखर खेतीको सात वर्षसम्म लागतको आधारमा मात्र र त्यसपश्चात् उत्पादन (फल) वा लागत (बोट) वा दुबैका आधारमा बीमा गर्न सकिने ।
५. कलमी विरुवाका हकमा ओखर खेतीको तीन वर्षसम्म लागतका आधारमा मात्र र त्यसपश्चात् उत्पादन (फल) वा लागत (बोट) वा दुबैका आधारमा बीमा गर्न सकिने ।
६. ओखर खेतीको बीमाशुल्क लागतका आधारमा पाँच प्रतिशत र उत्पादनका आधारमा सात प्रतिशत लाग्ने ।
७. बीमकले आफू समक्ष परेको ओखर खेतीमा भएको क्षतिको बीमा दाबी भुक्तानी प्रक्रिया तत्काल प्राम्भ गर्नुपर्ने ।

# अन्तर्राष्ट्रिय समाचार

## Nepal Insurance Authority to organize international conference in 2024

Asian Forum of Insurance Regulators (AFIR), a group of member states of Asian countries under the Umbrella Organization of International Insurance Regulatory Bodies International Association of Insurance Supervisors (IAIS), has been scheduled to host the Annual Meeting, General Meeting and Annual Conference to be held in Nepal in 2024. The Forum's Annual Meeting, General Meeting and Annual Conference was held in Malaysia from October 9 to 11, 2023 where it had been announced that the forum will hold annual meeting, general meeting and annual conference in Nepal in 2024. The conference is scheduled to be held on September 30, October 1-2, 2024 and will be hosted by Nepal Insurance Authority, the Insurance regulatory body of Nepal.

## New entrances, composite license and Insurance bill 2023

While IRDAI has already licensed 3 new players this year, it is expected to allow entry of more companies going forward. IRDAI has said that it is looking to issue licenses to 20 new insurers in the immediate future. Additionally, the regulator is also likely to relook the capital requirements, making entry of new players easy. With an increased competitiveness in the market, the sector will see more innovation, improved distribution models, automation and more, Sumit Rai, MD & CEO, Edelweiss. Tokio Like Insurance highlighted. One of the awaited developments of 2024 is that the government will table the Insurance Laws (Amendment) Bill 2022 as it has the potential to bring another round of positive reforms and bolster growth prospects of the industry. Proposals for composite licenses also promise diverse insurance offerings, ensuring enhanced affordability and accessibility.

## Use of AI in Health Insurance to reshape industry

Traversing the landscape of healthcare finance with the vision of 'health for all' has left a mark in 2023. The surge in telemedicine, addressing the need for safe and convenient healthcare, is gearing up for further expansion in 2024. The use of AI for precise diagnostics, a standout trend, is projected for substantial growth this year. AI's pivotal role in streamlining insurance processes, detecting fraud, and enhancing healthcare system efficiency remains crucial, said Aniruddha Sen, Co-founder, Kenko Health. The proliferation of wellness apps, fitness wearables, and incentivized programs from insurance providers is guiding individuals towards healthier lifestyles. Rooted firmly in 2023, this trend is set to solidify in 2024, fostering a holistic approach to well-being. Anticipated innovations from insurance providers are expected to introduce policies incentivizing proactive health measures, Sen added. Insurtech's likely to witness more investments, M&A. We will also see new-age players addressing various unique challenges of the industry and one can expect investment in Insurtech rising in the coming year. With IRDAI also allowing an additional expense towards Insurtech expenses up to 5% of the allowable expenses of management to widen customer reach, one can expect insurance companies to increase investment in developing better tech solutions for customers, Vivek Chaturvedi, CMO and Head of Direct Sales at Digit General Insurance said. With IRDAI reviewing over a dozen applications for licenses, new players are anticipated to enter the market, which could stimulate M&A activities in the insurance sector and insurance intermediation field. Mergers and acquisitions within the Insurtech space have the potential to drive significant consolidation, reshape market dynamics, and contribute to the growth and advancement of individual companies.

## Mis-selling: Government suggests checks on insurance agents

Soon, insurance agents may be required to maintain audiovisual records of their sales pitch, where they must read out a summary of the policy features to prospective buyers. With multiple cases in consumer forums and thousands of complaints of mis-selling, the consumer affairs department has written to the finance ministry seeking a change in rules that the terms & conditions, or at least the summary, should be clearly explained as it is not properly communicated, resulting in disputes.

In a letter to financial services secretary Vivek Joshi, consumer affairs secretary Rohit Kumar Singh has noted that the genesis of the dispute often lies in lack of proper communication, although consumers often complain that only positive aspects of the policy are told to them when insurance is sold. A final decision on the issue will, however, have to be taken by the Insurance Regulatory and Development Authority of India (IRDAI), which sets the rules. Also flagging that terms and conditions in insurance policies are often in "ambiguous language", which are not understood by consumers, Singh has suggested that insurance policies be framed "in the regional languages concerning the rural population of that particular area". The consumer affairs department has also suggested that the policies must make the inclusions and exclusions extremely clear in their terms and conditions. In several cases, when policyholders apply for claims, the insurance company representatives inform them about the exclusions then. Such clarity in policy documents will also bring down litigation in the sector.

## Indonesia: Regulator issues regulation on new capital requirement

The Financial Services Authority (OJK) is reviewing and gathering input from the sector on the higher minimum paid-up capital requirements. It is proposing raising the minimum paid-up capital for conventional life and non-life insurers to IDR500 billion (USD34 million) by 2026 and IDR1 trillion (USD67 million) by 2028, from IDR150 billion (USD10 million) currently. The proposed amount for reinsurers is IDR1 trillion (USD67 million) by 2026 and IDR2 trillion (USD134 million) by 2028, from the current IDR300 billion (USD20 million). OJK also plans to classify insurers based on their core capital into four classes, which will determine the insurers' business scope.

The Indonesian regulator's proposal to raise minimum paid-up capital requirements for insurers may initiate a capital inflow into the sector, strengthening insurers' capital profiles and supporting the industry's development. The tougher requirements will be challenging for weaker insurers that have not been receiving immediate capital support from shareholders, including several state-owned insurers.

## Improving Tax Benefits to Increase Insurance Coverage in India

Separating Savings for Life and Health: Changing tax sections 80C and 80D to provide separate tax breaks for the life-threatening risk part of life and health insurance payments, as well as for fixed-term insurance plans. Complete Deduction for Life Insurance Premiums: According to the expert, permitting individuals to deduct the entire amount paid for life insurance premiums from their taxable income, as stated in Section 56, without any decrease due to claims made under other sections such as 80C, will encourage more people to buy insurance GST Reforms for Wider Reach: GST on term life insurance and applying a 'Zero rating' – which means setting the tax rate to 0% for certain essential policies like the Pradhan Mantri Jeevan Jyoti Bima Yojana (PJJBY), smaller insurance policies covering up to INR 2 lakh, and annuity products for National Pension Scheme (NPS) subscribers.

## Record high motor insurance rates in the UK

Car insurance UKA recent report published by insurance aggregator Confused.com, in partnership with WTW, indicates that motor insurance rates have hit an all-time high in 2023. British motorists are facing a 58% increase in their average annual premium to 995 GBP (1 267 USD). The biggest rate increase is observed in London. Drivers aged between 17 and 20 are still paying the highest premiums. Meanwhile, those aged 43 and under are now paying an average of over 1 000 GBP (1 273 USD) for a motor policy.

## OECD-OJK Roundtable on Leveraging Technology for Risk Assessment and Risk Reduction in Insurance and Regulators Meeting

OECD-OJK Roundtable on Leveraging Technology for Risk Assessment and Risk Reduction in Insurance and Regulators Meeting was held in Bali, Indonesia, from December 14 to 15,2023. The OECD-OJK Roundtable meeting was jointly hosted by the OECD and Financial Authority of Indonesia (OJK).

The OECD's Insurance and Private Pensions Committee has developed an analysis on the potential role of emerging technologies and innovation in enhancing insurer risk assessment and encouraging policyholder risk reduction. It is based on responses to questionnaires received from insurance regulators/ supervisors and (re)insurance companies and intermediaries from around the world as well as in-depth discussions with insurance regulators/supervisors and insurance companies and associations in India, Indonesia, Nepal and Malaysia.

**The report provides:**

(i) an overview of potential applications of new technologies to risk assessment and risk reduction;

(ii) an assessment of potential challenges to technology adoption, including regulatory challenges; and

(iii) outlines some potential good practices for creating an enabling environment that supports the use of technology in risk assessment and encouraging risk reduction The purpose of this Roundtable is to discuss the findings from this project, exchange information and share experience on key opportunities and challenges across the Asian region and beyond.

The program brought together more than 86 representatives from over 27 countries worldwide. This diverse gathering included global experts from regulatory and supervisory bodies, policy experts, Universities, OECD, ASEAN and representatives from the insurance industry. Topics such as leveraging technology for risk assessment and risk reduction in insurance, Benefits of new technology adoption in insurance and regulatory challenges, creating an enabling environment for technology adoption in insurance, addressing emerging risks from technology adoption and regulatory sandbox were thoroughly explored. The conference offered a valuable opportunity for participants to gain a comprehensive understanding of critical topics and engage in interactive discussions with experts.

**The program included followings:**

1. **Pannel Discussion 1:** Report on leveraging technology for risk assessment and risk reduction in insurance.
2. **Pannel Discussion 2:** Benefits of new technology adoption in insurance and regulatory challenges
3. **Pannel Discussion 3:** Creating an enabling environment for technology adoption in insurance.
4. **Pannel Discussion 4:** Addressing emerging risks from technology adoption.






Video Display: OECD Study Result on leveraging technology for risk assessment and risk reduction in insurance. (NIA, NEPAL)